स्वर्ण जयन्ती विशेषाङ्क

सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/2023-2025

वर्ष ५७ | गान्तोक, (शुक्रवार) १५ अगस्त, २०२५ | अङ्क २२

## स्वतन्त्रता दिवसको पावन अवसरमा राज्यपालको सन्देश



राज्यपाल श्री ओमप्रकाश माथुर

**मेरा प्रिय सिक्किमवासीहरू,**

हाम्रो राष्ट्रको ७९औं स्वतन्त्रता दिवसको यस गौरवपूर्ण अवसरमा, म देशवासी एवम् सिक्किमका सबै नागरिकहरूलाई आफ्नो हार्दिक शुभकामना अनि बधाई प्रेषित गर्दछु। आजको दिन हरेक भारतीयको निम्ति एउटा विशेष अवसर हो, जब हामी ती वीर स्वतन्त्रता सेनानीहरूलाई श्रद्धाञ्जली दिन्छौं, जसले विदेशी सत्ताबाट स्वतन्त्रता प्राप्त गर्नका लागि आफ्नो जीवन समर्पित गर्नुभयो।

आज हामी एउटा सशक्त, आत्मनिर्भर अनि प्रगतिशील राष्ट्रको रूपमा अघि बढ्रिहेका छौं। यसको श्रेय केवल हाम्रो संविधान अनि लोकतान्त्रिक मूल्यहरूलाई मात्र होइन, तर ती वीर सशस्त्र बलहरूलाई पनि जान्छ, जसले सीमावर्ती क्षेत्रहरूमा तैनाथ रहेर कठिन भौगोलिक अनि विषम जलवायु परिस्थितिहरूका बावजुद राष्ट्रको रक्षामा अदम्य साहस, अनुशासन अनि समर्पणको परिचय दिइरहेका छन्।

उनीहरूको असाधारण समर्पण हालैमा अपरेशन सिन्दूरको अभूतपूर्व सफलतामा पुनः उजागर भयो।हाम्रा माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीको कुशल नेतृत्वमा यस अभियानको सटीक रणनीति अनि निर्णायक कार्यवाहीले समस्त राष्ट्रलाई गौरवान्वित बनाएको छ अनि भारतको प्रतिष्ठालाई वैश्विक मञ्चमा साहस अनि दृढ़ विश्वासको प्रतीकको रूपममा माथि उठाएको छ।

यस वर्षको स्वतन्त्रता दिवस सिक्किमको निम्ति विशेष महत्व राख्दछ, किनभने १९७५ मा भारतीय सङ्घको अभिन्न अङ्ग बनेको उपलक्ष्यमा हामी पूरा वर्षलाई राज्य स्थापनाको स्वर्ण जयन्ती वर्षको रूपमा मनाइरहेका छौं। बितेको पचास वर्षमा, भारत सरकारको निरन्तर सहयोग अनि हाम्रा मानिसहरूको अटूट प्रतिबद्धताका साथ, सिक्किमले प्रत्येक क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ अनि आज यो भारतको सबैभन्दा प्रगतिशील, शान्तिपूर्ण तथा पर्यावरणप्रति जागरूक राज्यहरूमध्ये एक बनेर अघि आएको छ।उत्तर सिक्किमको अग्ला अग्ला पर्वत श्रृङ्खलादेखि लिएर दक्षिणको हरियो परियो घाटीहरूसम्म, हाम्रा राष्ट्रिय प्रमुख योजनाहरूले राज्यको हरेक कुनामा विकास अनि परिवर्तनको नयाँ कथा रचेको छ। प्रधानमन्त्री ग्राम सड़क योजना, जल जीवन मिशन, प्रधानमन्त्री आवास योजना, आयुष्मान भारत, स्वच्छ भारत मिशन (ग्रामीण), अनि पीएम-किसान जस्ता पहलहरूले हाम्रो ग्रामीण समुदायहरूलाई सशक्त बनाएको छ, आधारभूत पूर्वाधारहरूलाई दह्रिलो बनाएको छ अनि प्रत्येक परिवारको जीवनको गुणस्तरमा सुधार आएको छ।

पूर्वोत्तर विकास मन्त्रालय, नीति आयोग अनि भारत सरकारका मन्त्रालयहरूबाट प्राप्त विशेष वित्तीय सहायता अनि नीतिगत समर्थनले सिक्किमलाई यस्ता परियोजनाहरूलाई साकार गर्नमा सक्षम बनाएको छ, जुन अन्यथा केवल एउटा कल्पना मात्र रहने थियो।

आज सिक्किम यस कुराको जीवन्त उदाहरण हो कि कसरी एउटा हिमालयी राज्यले आफ्नो विशिष्ट भौगोलिक स्थिति अनि समृद्ध सांस्कृतिक विरासतलाई सम्हाल्दै परम्परा अनि आधुनिकताको सन्तुलन बनाउनसक्छ। साथै, स्थानीय प्राथमिकताहरूलाई राष्ट्रिय दृष्टिकोणसित जोड्दै उत्कृष्टताका नयाँ ऊँचाइहरूलाई छोइरहेको छ।

मेरा प्यारा भाइ अनि बहिनीहरू,

शिक्षा हाम्रो सरकारको सर्वोच्च प्राथमिकतामध्ये एक हो। राष्ट्रिय शिक्षा नीति २०२० को मार्गदर्शन अनि भारत सरकारको शिक्षा मन्त्रालयको निरन्तर सहयोगमा, सिक्किमले आफ्नो शैक्षिक ढाँचालाई प्रारम्भिक शिक्षादेखि लिएर उच्च अध्ययन अनि अनुसन्धानसम्म एउटा नयाँ दिशा दिइरहेको छ। हामीलाई गर्व छ कि हामी देशको पहिलो राज्य हौं, जसले सबै सरकारी विद्यालयहरूमा किण्डर गार्टन प्रणाली लागू गरेको छ, जुन राष्ट्रिय शिक्षा नीति २०२० द्वारा प्रारम्भिक हेरचाह अनि शिक्षामाथि दिइएको विशेष बलअनुरूप छ।

मूलभूत साक्षरता अनि सङ्ख्यात्मकता Foundational Literacy and Numerac को क्षेत्रमा हाम्रो प्रयासहरूले सिक्किमलाई पूर्वोत्तर राज्यहरूमा एफ.एल.एन. सूचकाङ्कमा शीर्ष स्थान प्रदान गरेको छ।। यो हाम्रो शिक्षकहरूको परिश्रम अनि नीति-निर्माताहरूको प्रतिबद्धताको प्रमाण हो। विद्या प्रवेश कार्यक्रम, जुन खेल-आधारित शिक्षणमाथि केन्द्रित छ, यसले अब हाम्रासाना विद्यार्थीहरूलाई स्कूलमा सहजता अनि आत्मविश्वासका साथ कदम राख्नका निम्ति प्रभावी रूपले तयार गरिरहेछ।

कक्षा ख देखि सम्मका लागि अङ्ग्रेजी, पर्यावरण अध्ययन (ई.भी.एस.), अनि गणित विषयका नयाँ पाठ्य पुस्तकहरू -जसमा सतत विकास, स्थानीय विरासत, अनि बाल-अनुकूल शिक्षण पद्धतिहरूलाई समाहित गरिएको छ, जसलाई शिक्षा मन्त्रालयद्वारा प्रशंसा गरिएको छ अनि अन्य राज्यहरूको निम्ति आदर्श संसाधनको रूपमा प्रस्तुत गरिएको छ।

हाम्रो उच्च शिक्षा क्षेत्र १४ विश्वविद्यालयहरूको स्थापनाका साथ विस्तारित भएको छ, अनि १२ अन्य विश्वविद्यालय प्रक्रियामा छ। विश्वविद्यालय अनुदान आयोग (यू.जी.सी.), राष्ट्रिय उच्चतर शिक्षा अभियान (आर.यू.एस.ए.), अनि अन्य केन्द्रिय

रहल पृष्ठ २ मा..

## स्वतन्त्रता दिवसको पावन अवसरमा मुख्यमन्त्रीको सन्देश



मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ(गोले)

**प्रिय नागरिकहरू,**

७९ औं स्वतन्त्रता दिवसको यस ऐतिहासिक अवसरमा, म तपाईंहरू सबैलाई हार्दिक बधाई दिँदछु। आज हामी आफ्नो महान राष्ट्रको कठिन प्रयासबाट अर्जित स्वतन्त्रताको उत्सव मनाउनका लागि एकसाथ आएका छौं। हामी ती अनगन्ती वीरहरूलाई श्रद्धाञ्जलि अर्पित गर्छौं। जसको बलिदान अनि अटूट सङ्कल्पले हामीलाई आफ्नो भाग्य चुन्ने अधिकार दिनुभयो। उहाँहरूको विरासतले हामीलाई प्रेरित गरिरहन्छ। किनभने हामी एउटा उज्जवल अनि समृद्ध भविष्यतर्फ नयाँ दृढ़ सङ्कल्पका साथ अघि बढ्रिहेछौं।

१६ मई १९७५ मा, जब सिक्किम भारतीय सङ्घमा सामेल भएको थियो। तब यो भारतको २२औं राज्य बन्यो। जसले हाम्रो इतिहासमा एउटा महत्वपूर्ण क्षणलाई चिह्नित गऱ्यो। यस माइलखुट्टीले आधुनिक संस्थानहरूको स्थापना अनि लोकतान्त्रिक ढाँचाभित्र असङ्ख्य अवसरहरूको सृजनाका साथै प्रगतिको एउटा नयाँ युगको शुरुआत गरेको छ। यसवर्ष, हामी त्यस ऐतिहासिक अवसरको ५०औं वर्षगाँठ मनाइरहेका छौं। सिक्किम राज्यत्वको स्वर्ण जयन्तीको भव्य समारोहको एक भागको रूपमा, भारतका माननीय प्रधानमन्त्री, श्री नरेन्द्र मोदीले २९ मई २०२५मा आफ्नो गरिमामय उपस्थितिले हाम्रो राज्यलाई गौरवान्वित गर्ने वाला थियो। यो महत्वपूर्ण अवसर प्रत्येक सिक्किमवासीको निम्ति एकदमै महत्वपूर्ण थियो, किनभने हामी यस ऐतिहासिक माइलखुट्टीको गौरव अनि आनन्दलाई साझा गर्नका लागि आफ्नो महान राष्ट्रका नेताको स्वागत गर्नका लागि उत्सुक थियौं। तथापि, भारी वर्षा अनि प्रतिकूल मौसमको कारणले, माननीय प्रधानमन्त्रीको यात्रा केवल बागडोगरासम्म मात्र जारी रहन सक्यो। परिस्थितिहरूको कारणले, उहाँले बागडोगराबाट एउटा लाइव सम्बोधनको माध्यमबाट हामीसित सम्पर्क गर्नुभयो अनि सिक्किमका मानिसहरूलाई आफ्नो हार्दिक सन्देश, आशीर्वाद अनि प्रोत्साहनका शब्द दिनुभयो।

यस कार्यक्रमअवधिमा, माननीय प्रधानमन्त्रीले विभिन्न प्रमुख परियोजनाहरूको आधारशिला राख्नुभयो, जो यस प्रकार छन्:

गान्तोक जिल्लाको नाम्लीमा स्वर्ण जयन्ती कन्वेन्शन सेन्टर, गान्तोकको शहरी पूर्वाधारहरूलाई बढ़ाउनका निम्ति तयार छ, जसलाई राष्ट्रिय अनि अन्तर्राष्ट्रिय कार्यक्रमहरूको निम्ति एउटा प्रमुख गन्तव्यको रूपमा डिजाइन गरिएको छ।

गान्तोक जिल्लामा स्वर्ण जयन्ती खेल एवम् सांस्कृतिक परिसर, सांस्कृतिक अनि खेल गतिविधिहरूलाई प्रोत्साहन दिनका लागि बनाइएको छ। नाम्ची जिल्लाको याङयाङस्थित भाले ढुङ्गामा स्काई-वक् परियोजना, एउटा २४० मीटर लामो गोलाकार शिशाको बटम वक्-वे, जुन देशको पहिलो इको टूरिजम स्काई-वक् हुनेछ। जो साहसिक एक्सप्लोरहरूको निम्ति सबैभन्दा उपयुक्त हुनेछ।

गान्तोक जिल्लामा प्राचीन सिल्क रूटमा भएको ऐतिहासिक पास नथुला बोर्डर एक्सपीरियन्स, भारत-चीन सीमानजिक पर्यटन पूर्वाधारमा मुख्य रूपले केन्द्रित हुनेछ। यस विकासमा बहु-स्तरीय पार्किङ सुविधा, छत लगाएको वक्-वे, एउटा एस्केलेटर, एउटा क्याफेटेरिया, एउटा चिकित्सा सुविधा अनि भारत-चीन द्वार सामेल हुनेछन्।

गेजिङ जिल्लाको उत्तरमा अवस्थित सिक्किमको सबैभन्दा अग्लो सस्पेन्शन ब्रिज ग्लास स्काई-वक् ब्रिजमा रूपान्तरण भइरहेछ। जसको गहिराइ ११७ मीटर छ। यो पर्यटन अनि इकोटूरिजम माथि मुख्य रूपले केन्द्रित हुनेछ। यस परियोजनालाई प्रधानमन्त्री-दिव्य निधि अनि राज्य निधिद्वारा वित्त पोषित गरिएको हो। वर्ष १९९४ मा निर्मित यस पुललाई अब ग्लास ब्रिजमा परिवर्तित गरिनेछ। जसमा बञ्जी जम्पिङ, दर्शनीय स्थलहरूको दृश्य, पार्किङ सुविधा, भू-निर्माण अनि पर्यटकहरूको सुविधाजस्ता गतिविधिहरू सामेल हुनेछन्।

गान्तोक जिल्लाको तादोङमा महिलाहरूको रोजगार अनि विकासको निम्ति एउटा कामकाजी महिला छात्रावास स्थापित गरिनेछ।

पाकिम जिल्लामा १०० पलङ्ग भएको एउटा जिल्ला अस्पताल स्थापित गरिनेछ। जसले स्थानीय समुदायलाई आवश्यक चिकित्सा सुविधा र थप सुविधा प्रदान गर्नेछ। उहाँको यस विचारशील भावले हाम्रो राज्यप्रति उहाँको गहिरो सम्मान अनि स्नेहलाई दर्शाउँदछ, अनि चाँडै नै सिक्किम आउने उहाँको आश्वासनले हामीलाई उत्सुकता अनि गर्वले भरिदिन्छ। हामी उहाँको प्रतिबद्धताको निम्ति आन्तरिक हृदयबाट आभारी छौं अनि त्यस दिनको प्रतिक्षा गरिरहेका छौं। जब हामी आफ्नो सिक्किमको धरतीमा उहाँको अति जोशका साथ पारम्परिक स्वागत गर्ने छौं। आयोजित भइरहेको भव्य समारोहले यस कुराको सशक्त याद दिलाउँछ कि कसरी सिक्किमले स्वास्थ्य, शिक्षा, सामाजिक कल्याण अनि पूर्वाधारहरूमा उल्लेखनीय प्रगति गर्दै गौरवका साथ उन्नति गरेको छ। जसले एउटा उज्जवल अनि अधिक समावेशी भविष्यलाई आकार दिनमा हाम्रो अटूट प्रतिबद्धतालाई दर्शाउँदछ।

आज, म एकदमै गर्वका साथ पछि फर्केर हेर्छु अनि असीम आशावादका साथ अघि हेर्छु। गत

रहल पृष्ठ २ मा..

# राज्यपालको सन्देश.........

योजनाहरूको सहयोगले हामी बहुविषयक परिसरहरू, एन.ए.ए.सी.-मान्यता प्राप्त महाविद्यालयहरू, अनि उन्नत व्यावसायिक प्रशिक्षण केन्द्रहरूको स्थापना गरिरहेका छौं। नेताजी सुभाष चन्द्र बोस विश्वविद्यालय अफ एक्सीलेन्स, राष्ट्रिय विश्वविद्यालय, रूम्तेकमा राज्य फार्मेसी कलेज अनि खामदोङमा राष्ट्रिय प्रौद्योगिकी संस्थानको स्थायी परिसर, जो निर्माणाधीन छन्, यस्ता संस्थानहरूले सिक्किमलाई पूर्वोत्तर क्षेत्रमा एउटा शैक्षिक केन्द्रको रूपमा स्थापित गरिरहेको छ।

राष्ट्रिय स्तरका संस्थाहरूको सहयोगले, मुख्यमन्त्री मेरिट छात्रवृत्ति योजना (सी.एम.एम.एस.एस.) जस्ता प्रमुख छात्रवृत्ति कार्यक्रम, मेधावी छात्रहरूलाई राज्यभित्र अनि राज्यदेखि बाहिरका प्रतिष्ठित विद्यालयहरूमा अध्ययनको अवसर प्रदान गरिरहेछ। हालसम्म १,२०० भन्दा अधिक छात्रहरूयस योजनाबाट लाभान्वित भइसकेका छन्। यसको स्नातक स्तरसम्म विस्तारले यो सुनिश्चित गर्छ कि छात्रहरूको शैक्षणिक प्रगति निरन्तर बनिरहेको छ ।

मुख्यमन्त्री शिक्षा सहायता योजना (सी.एम.ई.एस.) राज्य सरकारद्वारा शुरुगरिएको एउटा महत्वपूर्ण पहल हो, जसको उद्देश्य आर्थिक रूपले कमजोर वर्ग, वञ्चित समुदायअनि विशेष आवश्यकता भएका नानीहरूलाई शिक्षाको क्षेत्रमा सहायता प्रदान गर्नु हो। यस योजनाअन्तर्गत मेरो सरकारद्वारा एउटा समर्पित बजट आवन्टित गरिन्छ, ताकि कुनै पनिनानी आर्थिक कारणहरूले गर्दा शिक्षाबाट वञ्चित नरहोस्। यस योजनाले नानीहरूलाई कुनै वित्तीय बाधाबिना शिक्षा प्राप्त गर्ने अवसर दिंदछ अनि राज्यमा समावेशी शैक्षणिक विकासलाई बढ़ावा दिंदछ।

मेरा प्यारा भाइ अनि बहिनीहरू,

मेरो सरकारले ग्रामीण विकासलाई आफ्ना नीतिहरूको केन्द्रमा राखेको छ। भारत सरकारको ग्रामीण विकास मन्त्रालयको पूर्ण सहयोगले, हामीले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार गारन्टी अधिनियम (एम.जी.नरेगा), प्रधानमन्त्री आवास योजना-ग्रामीण (पी.एस.ए.वाई.-ग्रामीण), अनि राष्ट्रिय ग्रामीण आजीविका मिशन जस्ता परिवर्तनकारी योजनाहरूलाई सफलतापूर्वक लागू गरेका छौं।

एम.जी.नरेगा ग्रामीण परिवारहरूको निम्ति आय वृद्धि अनि संसाधन निर्माणको एउटाबलियो आजीविका कार्यक्रमको रूपमा विकसित भइसकेको छ। हाम्रो धारा विकास मोडल, जसलाई राष्ट्रिय स्तरमा मान्यता प्राप्त भएको छ, यसले प्रत्येक वर्ष १,०३५ मिलियन लीटरभन्दा अधिक भूजल पुनर्भरण गरेको छ, ५१ प्राकृतिक जलस्रोतहरूलाई पुनर्जीवित गरेको छ, अनि सुखा-प्रभावित ग्राम पञ्चायतहरूमा ६ वटा झीलहरूलाई पुनर्स्थापित गरेको छ।

डे-एन.आर.एल.एम. अथवाराष्ट्रिय ग्रामीण आजीविका मिशनका साथ समन्वयमा कार्य गर्दै, सिक्किम ग्रामीण आजीविका मिशनले हजारौं स्वयं सहायता समूहहरूलाई सशक्त बनाइसकेको छ। लखपति दीदी, सिलाई उत्पादक समूहहरू अनि एकीकृत कृषि क्लस्टर जस्ता पहलहरूले सतत आयका अवसरहरू प्रदान गरेको छ। ग्रामीण उद्यमीहरूलाई देशभरिमा आफ्नो उत्पादहरूको विपणन गर्नमा सक्षम बनाउन ग्रामीण विकास मन्त्रालयद्वारा समर्थित 'स्वयं सिक्किम' अनि'सारस मेला' जस्ता मञ्चहरूको स्थापना गरिएको छ।

स्वच्छताको क्षेत्रमा, सिक्किमले इतिहास रच्दै स्वच्छ भारत मिशन (ग्रामीण) अन्तर्गत भारतको पहिलोओ.डी.एफ.प्लस मोडल राज्य बन्ने गौरव प्राप्त गरेको छ। पेयजल अनि स्वच्छता विभागको सहयोगमा, हामीले मोबाइल उपचार एकाईहरू, प्लास्टिक अपशिष्ट प्रबन्धन सुविधाहरू, अनि समुदाय-आधारित अपशिष्ट प्रबन्धन प्रणालीहरू स्थापित गरेका छौं। स्वच्छ सर्वेक्षण २०२२ मा हामीले धेरै राष्ट्रिय पुरस्कारहरू प्राप्त गरेका छौं।

भारत सरकारको निरन्तर सहयोगमा, कृषि हाम्रो ग्रामीण अर्थव्यवस्थाको मेरुदण्ड बनेको छ। सिक्किमले यस क्षेत्रलाई नवाचार, सतत विकास अनि किसान कल्याणका मूल सिद्धान्तहरूका साथ लगातार सशक्त अनि समृद्ध बनाइरहेछ। हाम्रो जैविक खेती मोडललाई कृषि एवं किसान कल्याण मन्त्रालयको पूर्ण समर्थन प्राप्त छ। यसको राष्ट्रिय अनि अन्तरराष्ट्रिय स्तरमा प्रशंसाले सिक्किमलाई सतत कृषिको क्षेत्रमा एउटा अग्रणी राज्यको रूपमा प्रतिष्ठित गरेको छ।

हामी उत्पादन क्षमता, विपणन नेटवर्क अनि मूल्य सम्वर्धनलाई सुदृढ़ गर्नका लागि मिशन अर्गेनिक भेल्यू चेन डेवलपमेन्ट फर नर्थ ईस्टर्न रीजनअनि प्रधानमन्त्री किसान सम्मान निधि जस्ता योजनाहरूको माध्यमद्वारा सक्रिय रूपले कार्य गरिरहेका छौं। विशेष रूपलेपी.एम.-किसान योजनाले हजारौं किसान परिवारहरूलाई प्रत्यक्ष आय सहायता प्रदान गरेको छ।

मेरो सरकारले अदुवा, हर्दी,सुन्तला, फापड़, ठूलो अलैंची आदि जस्ता धेरै कृषि उत्पादहरूको खेतीलाई बढ़ावा दिनका निम्ति प्रोत्साहन पनि प्रदान गरिरहेछ।

हामीले दुग्ध उत्पादन, सुँगुर पालन अनि पोल्ट्री पालन क्षेत्रहरूलाई सशक्त बनाउनका लागि दुग्ध उत्पादन प्रोत्साहन योजना (एम.पी.आई.एस.) तथा सुँगुर उत्पादन प्रोत्साहन योजना (पी.पी.आई.एस.) जस्ता योजनाहरूको माध्यमद्वारा विशेष रूपमा प्रयास गरेका छौं, जसबाट यी क्षेत्रहरूसँग जोड़िएका किसानहरूले प्रत्यक्ष लाभ अनि प्रोत्साहन प्राप्त गरिरहेका छन्।

पशुपालन अनि डेयरी विभागको सहयोगमा हामीले २० नयाँ दुग्ध संग्रह केन्द्रहरू स्थापित गरेका छौं, जसमध्येधेरैको सञ्चालन महिला समूहहरूद्वारा गरिइरहेको छ। यसका साथै, सिक्किम मिल्क यूनियनको माध्यमद्वारा १६ नयाँ डेयरी अनि मिठाई उत्पादहरूलाई पनि लन्च गरिएको छ।

रहल पृष्ठ ७ मा..

## स्वतन्त्रता दिवसको पावन अवसरमा मुख्यमन्त्रीको सन्देश...............

पाँच दशकमा, सिक्किम प्रगतिको एउटा चम्किलो दीपस्तम्भमा परिणत भएको छ। जसले देशको सबैभन्दा अग्रगामी अनि प्रगतिशील राज्यहरूमध्ये एकको रूपमा आफ्नो स्थान अर्जित गरेको छ। हामी प्रति व्यक्ति आयको मामिलामा भारतमा दोस्रो स्थानमा अनि समग्र मानव विकास सूचकाङ्क (एचडीआई) मा ०.७६२ को प्रशंसनीय स्कोरको साथ छैटौं स्थानमा छौं। वर्ष २०१८ अनि २०२३-२४ को बीच, सिक्किमले धेरै सङ्केतकहरूमा अग्रणी स्थान प्राप्त गरेको छ अनि एउटा बलियो विकास मार्ग बनाइराखेको छ। यी आँकड़ाले सामूहिक रूपमा एउटा यस्तो राज्यको सङ्केत दिंदछ जहाँ अभावहरूको स्तर कम्ती छ र यो दिगो विकास एवम् मतामूलक विकासप्रति एउटा समग्र दृष्टिकोण हो।

**प्रिय नागरिकहरू,**

यी उपलब्धिहरूको आधारमा, हामी सुनौलो सिक्किम, समृद्ध सिक्किम, अनि समर्थ सिक्किमतर्फ आफ्नो यात्रामा दृढ़ छौं। आफ्नो विकास गतिलाई बनाइराख्न अनि निरन्तर प्रगति सुनिश्चित गर्नका लागि, हामीले धेरै दूरदर्शी नीतिहरू शुरु गरेका छौं, जसले केवल आर्थिक अनि सामाजिक उन्नतिलाई मात्र गति प्रदान गर्दैन, तर हाम्रो सामुदायिक भावनालाई पनि दहिलो बनाउँछ, हाम्रो समृद्ध सांस्कृतिक विरासतको रक्षा गर्दछ, अनि हाम्रो राज्यको पहिचान बनाउने अद्वितीय पारिस्थितिक जैव विविधताको रक्षा गर्दछ। हाम्रो दृष्टिकोण माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीको विकसित भारतको निर्माणको परिवर्तनकारी मिशनका साथ पूर्ण रूपले जोड़िएको छ, किनभने बलियो अनि समृद्ध राज्यहरू - एक विकसित राज्य - को निर्माणको माध्यमबाट नै एउटा साँचो विकसित भारतको सपना पूर्णरूपमा साकार हुनेछ।

**प्रिय नागरिकहरू,**

यस महत्वपूर्ण अवसरमा, हामीले गरिएको केही महत्वपूर्ण प्रगतिहरूमाथि प्रकाश पार्नपाउँदा मलाई अत्यन्त गर्व लागिरहेछ। वर्ष २०१९ मा राज्य सरकारको गठनपछि स्वास्थ्य क्षेत्र हाम्रो नीति निर्माणको आधार बनेको छ। जुन यसको सुधारको निम्ति गरिएका पर्याप्त निवेशहरूबाट परिलक्षित हुन्छ।

नयाँ एसटीएनएम अस्पतालमा उल्लेखनीय पूर्वाधाहरू अनि सुविधाहरूमा वृद्धि देखिएको छ। जसमा कार्डियोलजी, गेस्ट्रोएन्टरोलजी, यूरोलजी, बाल चिकित्सा सर्जरी जस्तावर्तमान विभागहरूका साथसाथै नेफ्रोलजी, कार्डियोथोरेसिक सर्जरी अनि न्यूरोसर्जरी सहित नयाँ सुपर स्पेशियलिटी विभागहरूको स्थापना अनि स्त्री रोग वार्डहरूको विस्तार सामेल छन्। प्रमुख उपलब्धिहरूमा अस्पतालको पहिलो स्त्री रोग-अन्कोलजी प्रक्रिया, कार्डियोथोरेसिक अनि भ्यास्कुलर सर्जरी विभागहरूद्वारा १०० भन्दा अधिक लेजर सर्जरी सफलतापूर्वक गर्नु अनि अर्थोपेडिक्स विभागद्वारा राज्यको पहिलो पूर्ण घुँडा प्रतिस्थापन अथवा 'टोटल नी रिप्लेसमेन्ट' सर्जरी गर्नु सामेल छन्।

एउटा अर्को ऐतिहासिक उपलब्धि रेडिएशन अन्कोलजी विभागअन्तर्गत पहिलो तृतीयक (टर्सरी) क्यान्सर हेरचाह केन्द्रको स्थापना हो। जसले राज्यभित्र नै सम्बन्धित रोगीहरूलाई आवश्यक क्यान्सर उपचार प्रदान गर्दछ, जसबाट उनीहरू बाहिर जाने अनि अत्यधिक लागत वहन गर्ने आवश्यकता समाप्त हुनेछ।

राज्य सरकारले सी-ड्याक (सी-डीएसी) अस्पताल प्रबन्धन सूचना प्रणालीको कार्यान्वयनका साथै आयुष्मान भारत डिजिटल मिशनको शुरुआतलाई पनि सुगम बनाएको छ, जसमा रोगीहरूलाई भीडको सामना गर्न नपरोस् भन्नका लागि स्क्यान एण्ड स्किप द क्यू-को सुविधा छ। हामीले उत्कृष्ट रोगी-परिवार समन्वयको निम्ति संरचित भेटघाटको घण्टा पनि लागू गरेका छौं अनि जन औषधि पहल शुरु गरेका छौं, जसबाट सस्तो दवाईहरू सुनिश्चित हुन्छ। यसका अतिरिक्त, प्रतीक्षा लाइनहरूलाई धेरै हदसम्म कम्ती गर्नका लागि एउटा केन्द्रीकृत पञ्जीकरण प्रणाली स्थापित गरेर प्रवेश अनि छुट्टी प्रक्रियालाई सुव्यवस्थित गरिएको छ।

राज्य सरकारले नाम्चीमा ५०० पलङ्गहरू भएको जिल्ला अस्पतालको निर्माणका साथै आफ्नो मुकुटमा एकमा अर्को प्वाँख थपेको छ -जसमा अत्याधुनिक ११ तले भवनमा ओपीडी, डायलिसिस, एमआरआई, सीटी स्क्यान आदिको सुविधाका साथै एउटा प्रशासनिक ब्लक अनि अन्य सामेल छन्। माननीय प्रधानमन्त्रीले यस वर्षको शुरुआतमा हाम्रो राज्यत्वको स्वर्ण जयन्ती समारोहको अवसरमा यस ऐतिहासिक संस्थानको भर्चुअल उद्घाटन गर्नुभएको थियो।

यसका अतिरिक्त, सिच्चेको सोचेग्याङमा बनिने राजकीय मेडिकल कलेज, जसमा अनुमानित वार्षिक प्रवेश १०० विद्यार्थी हुनेछ। यो, वर्ष-२०२६ देखि शुरु हुन गइरहेछ। यो पूरा भएपछि राज्यभित्र प्रशिक्षित चिकित्सा पेशेवरहरूको एउटा स्थिर अनि विश्वसनीय व्यवस्था सुनिश्चित हुनेछ र स्वास्थ्य सेवा पारिस्थितिकी तन्त्रलाई महत्वपूर्ण रूपले बलियो बनाउनेछ।

यी पहलहरूका अतिरिक्त, राज्य सरकारले दुइ प्रमुख योजनाहरू, मुख्यमन्त्री स्वास्थ्य सुविधा योजना (एम.एम.एस.एस.वाई) अनि मुख्यमन्त्री चिकित्सा सहायता योजना (सीएम.एम.ए.एस) को माध्यमद्वारा वित्तीय सहायता प्रदान गर्छ। एम.एम.एस.एस.वाई-अन्तर्गत, मेडिकल बोर्डद्वारा रेफर गरिएका रोगीहरूलाई वित्तीय सहायता प्रदान गरिइन्छ। यसको लाभ साधारण जनताले पाउँछन्। जोसित सी.ओ.आई. वा सिक्किम सब्जेक्ट छ, साथै प्रोबेशनमा भएका स्थायी सरकारी कर्मचारीहरूका साथसाथै कन्ट्र्याक्ट वा एड्हकमा भएका अस्थायी सरकारी कर्मचारीहरूले पनि यसको लाभ पाउँछन्। जो मेडिकल रिम्बर्शमेंट रूल, १९८१ अन्तर्गत आउँदैनन्। बी.पी.एल-का रोगीहरूलाई ३ लाख रुपियाँसम्म, एपी.एल. का रोगीहरूको निम्ति २ लाख रुपियाँसम्म अनि सिक्किमदेखि बाहिर उपचारको निम्ति रेफर गरिएका अस्थायी सरकारी कर्मचारीहरूको निम्ति २.५ लाख रुपियाँसम्मको सहायता प्रदान गरिइँन्छ। यसका अतिरिक्त, सीएम.एम.ए.एस-ले सिक्किमदेखि बाहिर गम्भीर रोगहरूको उपचार अनि राज्यभित्र गम्भीर रोगले भर्ती भएकाहरूलाई उपचारको निम्ति महत्वपूर्ण वित्तीय सहायता प्रदान गर्दछ। उन्नत डाएग्नोस्टिक सुविधाहरूका साथै दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवा पहुँचको अन्तराललाई कम्ती गर्ने उद्देश्यले, हामीले १० अक्टूबर, २०२२ देखि ८ अलग-अलग ठाउँहरूमा मोबाइल ग्राम क्लीनिक शुरु गरेका छौं। हालसम्म, यी क्लीनिकहरूले १३०५ शिविरहरूलाई कवर गर्नका साथै ४०,४०० भन्दा अधिक रोगीहरूको सेवा अनि १५,८०० भन्दा अधिक परीक्षणहरू गरेका छन्।

यी प्रयासहरूको परिणामस्वरूप, सिक्किमले स्वास्थ्य सङ्केतकहरूमा उल्लेखनीय प्रगति गरेको छ। जन्मको समय आयु सम्भाव्यता ७५.७७ वर्ष छ। जुन देशमा सबैभन्दा अधिक हो। संस्थागत प्रसव ९४.७ प्रतिशतसम्म पुगेको छ अनि बाल टीकाकरण ९५.५ प्रतिशत छ। दुवै राष्ट्रिय औसतभन्दा अधिक छ। यसका अतिरिक्त, एस.आर.एस २०२० अनुसार शिशु मृत्यु दर (आईएमआर) राष्ट्रियस्तरमा सबैभन्दा कम्ती छ, जुन प्रति १००० जीवित जन्महरूमा ५.० छ। यो आँकड़ाले हाम्रो मातृ एवम् शिशु स्वास्थ्य सेवाहरूको सफलतालाई दर्शाउँदछ। हाम्रो व्यापक स्वास्थ्य सेवा पूर्वाधार अनि दहिलो जीवनस्तरको पनि सङ्केत दिंदछ।

**प्रिय नागरिकहरू,**

सिक्किमको सतह विकासलाई मध्यनजर गरेर राज्य सरकारले शिक्षालाई उच्चस्थानमा पुऱ्याउन जिम्मेवारीका साथ काम गरिरहेको छ। सरकार र सम्बन्धित विभागले यस अभियानलाई लामो समयसम्मको दृष्टिकोण र निरन्तरताका साथ परिणाम सञ्चालित कार्य अगाडि बढाएको छ। राष्ट्रिय शिक्षा नीति -२०२० को निदेशनमा राज्यका कुनै पनि बालबालिका उच्च शिक्षाको निम्ति बञ्चीत नहोस भन्ने विचारले गुणस्तरीय सिकाइ अवसरहरूमा समावेशी सिकाइ मार्ग सिर्जना गर्ने काम गरेका छौं। बलियो शिक्षा प्रणालीको जग प्रारम्भिक वर्षहरूमा सुरु हुन्छ भन्ने कुरा स्वीकार गर्दै, सिक्किम भारतको पहिलो राज्य बन्यो जसले सबै सरकारी विद्यालयहरूमा बालोद्यान प्रणाली लागू गर्यो, जुन एनईपी-ले प्रारम्भिक बाल हेरचाह र शिक्षा (ईसीसीई) मा जोड दिएको छ। आधारभूत साक्षरता र संख्यात्मकता (एफएलएन) मा हाम्रो नेतृत्वले एफएलएन सूचकांकमा उत्तरपूर्वी राज्यहरूमध्ये सिक्किमलाई शीर्ष स्थान दिलाएको छ। जुन हाम्रा शिक्षकहरूको समर्पण र हाम्रा सुधारहरूको प्रभावकारिताको प्रमाण हो। तीन महिने खेलमा आधारित विद्यालय तयारी कार्यक्रम - विद्या प्रवेश मोड्युलको परिचयले बाल-बालिकाहरूलाई औपचारिक शिक्षामा

रहल पृष्ठ ३ मा..

**स्वतन्त्रता दिवसको पावन अवसरमा मुख्यमन्त्रीको सन्देश.......**

सहज रूपमा रूपान्तरण गर्न मद्दत गरेको छ। जसले गर्दा सुरुदेखि नै जिज्ञासा र सिक्ने प्रेम बढेको छ। सिकाइलाई सान्दर्भिक र आकर्षक बनाउन हामीले कक्षा एकदेखि पाँचसम्मका लागि अङ्ग्रेजी, ईभीएस र गणितमा नयाँ पाठ्यपुस्तकहरू विकास गरेका छौँ। जसले दिगो विकास, स्थानीय संस्कृति र बाल-मैत्री शिक्षाशास्त्रका विषयवस्तुहरूलाई एकीकृत गर्दछ। यी पाठ्यपुस्तकहरूलाई भारत सरकारको शिक्षा मन्त्रालयले अन्य राज्यहरूको लागि नमुना स्रोतको रूपमा मान्यता दिएको छ। जसले शैक्षिक नवप्रवर्तनमा सिक्किमको भूमिकालाई जोड दिन्छ। हाम्रो सिकाइ वृद्धि कार्यक्रम र शिक्षा सहायता योजनाले शैक्षिक नतिजाहरूलाई सुदृढ पार्दै उच्च शिक्षालाई अझ पहुँचयोग्य बनाउँदैछ। नयाँ भारत साक्षरता कार्यक्रम (एनआइएलपी) अन्तर्गत, हामी वर्ष २०२७ सम्ममा पूर्ण साक्षरता हासिल गर्ने दिशामा काम गरिरहेका छौँ। पूर्वी हिमालय क्षेत्रमा सिक्किम उच्च शिक्षाको लागि मनपर्ने र विशेष गन्तव्यको रूपमा देखापरेको छ। विगत छ वर्षमा हामीले १४ विश्वविद्यालयहरू स्थापना गरेका छौँ। जसमध्ये हाल १२ वटा प्रगतिमा छन्। जसले उन्नत सिकाइ र अनुसन्धानका लागि अवसरहरू उल्लेखनीय रूपमा विस्तार गर्दैछ। आगामी नेताजी सुभाषचन्द्र बोस उत्कृष्टता विश्वविद्यालय, राष्ट्रिय कानून विश्वविद्यालय, साजोङ-रुम्तेकमा पूर्ण रूपमा कार्यरत राज्य फार्मेसी कलेज र राभाङ्लामा राष्ट्रिय प्रविधि संस्थान जस्ता प्रतिष्ठित संस्थाहरूले सिक्किमलाई उत्कृष्टताको शैक्षिक केन्द्रको रूपमा स्थापित गरिरहेका छन्।

सिक्किममा अहिले एउटा राज्य विश्वविद्यालय, एउटा केन्द्रीय विश्वविद्यालय, एउटा केन्द्रीय कृषि विश्वविद्यालय, बाह्र राज्य सरकारी कलेजहरू छन्- जसमा राज्य विज्ञान तथा प्रविधि संस्थान, एउटा कानून कलेज, बी.एड कलेज, र सिक्किम उच्च नियङ्गमा अध्ययन संस्थान जस्ता विशेष संस्थानहरू समावेश छन्। र व्यावसायिक संस्थाहरूको बढ्दो सञ्जालमध्ये धेरै कलेजहरूले स्नातकोत्तर पाठ्यक्रमहरू विस्तार गरेका छन्, जसले शैक्षिक आकांक्षाहरूको फराकिलो दायरा पूरा गर्दछ। राष्ट्रिय उच्चतर शिक्षा अभियान (आरयूएसए) द्वारा उच्च शिक्षा प्रगतिमा अझ बलियो बनाइएको छ। जसको माध्यमबाट सिक्किमले पहुँच, समानता, गुणस्तर र विश्वव्यापी प्रतिस्पर्धात्मकतामा सुधार गर्ने उद्देश्यले लागू गरेको छ। आरयूएसए १.० अन्तर्गत, हामीले व्यावसायिक पाठ्यक्रमहरू प्रस्तुत गर्यौं। पूर्वाधारहरू अपग्रेड गर्यौं। व्यावसायिक महाविद्यालयहरू स्थापना गर्यौं। आरयूएसए- २.० ले नयाँ मोडेल डिग्री कलेजहरू, व्यापक क्याम्पस आधुनिकीकरण, स्मार्ट कक्षा कोठा, भाषा प्रयोगशालाहरू र डिजिटल कनेक्टिभिटीको सिर्जनालाई सक्षम बनाएको छ। हाम्रा सात कलेजहरू पहिले नै एनएएसी- मान्यता प्राप्त छन्। हाम्रो दृष्टिकोण सबै सरकारी कलेजहरूलाई एनएएसी मान्यता अन्तर्गत ल्याउनु हो। तिनीहरूलाई बहु-अनुशासनात्मक, स्वायत्त र एनईपी- २०२० सँग पङ्क्तिबद्ध बनाउने हाम्रो लक्ष्य रहेको हो।

हामीले गुणस्तर र समावेशीतालाई पुनः परिभाषित गर्न माध्यामिक शिक्षामा साहसिक कदम चालेका छौँ। २०२४ मा उद्घाटन गरिएको आसाम लिंग्जेमा रहेको मुख्यमन्त्री मोडेल स्कूल, सिक्किममा आफ्नै प्रकारको पहिलो हो। मुख्यमन्त्री मेरिट छात्रवृत्ति योजना अन्तर्गत पूर्ण रूपमा संस्थाले स्मार्ट कक्षा कोठा, एआई र भीआर प्रयोगशालाहरू, आधुनिक पुस्तकालय, र आरामदायी छात्रावासहरू सहित विश्वस्तरीय सुविधाहरू प्रदान गर्दछ, जसमा पोशाक, पाठ्यपुस्तकहरू, खाना र आवास जस्ता सबै खर्च सरकारले वहन गर्दछ। ५९ जना मेधावी विद्यार्थीहरूको पहिलो समूहले पहिले नै आफ्नो यात्रा सुरु गरिसकेको छ। जसले सरकारी विद्यालय शिक्षामा उत्कृष्टताको लागि नयाँ बेन्चमार्क स्थापित गरेको छ। शिक्षालाई थप उत्कृष्टता प्रदान गर्न प्रश्नोत्तर, थमसन डिजिटलसँगको सहकार्यम मिसन लक्ष्य उत्कृष्टता केन्द्र सुरु गरिएको छ। जसले एनईईटी र जेईई आकांक्षीहरूका लागि विशेष प्रशिक्षण प्रदान गर्दछ। गान्तोकको पीएम श्री सर टाशी नामग्येल वरिष्ठ माध्यमिक विद्यालयमा अवस्थित, कार्यक्रमले हाल ८० उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई समर्थन गर्दछ। राज्य भित्र उच्च गुणस्तरको तयारी प्रदान गरेर, हामी हाम्रा युवाहरूलाई आफ्नो गृह राज्य छोडेर नजाइकन राष्ट्रिय र विश्वव्यापी प्लेटफर्महरूमा प्रतिस्पर्धा गर्न सशक्त बनाइरहेका छौँ। वर्ष २०१० मा सुरु गरिएको मुख्यमन्त्री मेरिट छात्रवृत्ति योजना (सीएमएमएसएस) ले सीमान्तकृत परिवारका मेधावी विद्यार्थीहरूलाई समर्थन गर्दछ। शैक्षिक वर्ष-२०२५-२६ को लागि राज्यस्तरीय परीक्षा मार्फत ७४ जना विद्यार्थीहरू छनोट भएका थिए। वर्ष- २०२४ मा सुरु गरिएको विशेष आरक्षण अन्तर्गत लाचेन, लाचुङ र चुङथाङका पाँच जना समावेश थिए। वर्ष- २०२१ देखि विशेष आवश्यकता भएका बालबालिकाका लागि ४ प्रतिशत आरक्षण प्रदान गरिएको छ। यस योजनाअन्तर्गत, शीर्ष दस छात्राहरूलाई ग्वालियरको प्रतिष्ठित सिन्धिया कन्या विद्यालयमा भर्ना गरिएको थियो। जसमा शीर्ष पाँच केटाहरूले सबै खर्च बेहोरेर टाशी नामग्येल एकेडेमीमा प्रवेश पाएका थिए। यसैगरी ५९ मेधावी विद्यार्थीहरूलाई आसाम लिंग्जेको मुख्यमन्त्री मोडेल स्कूलमा भर्ना गरिएको थियो। वर्ष- २०२५ सम्म, राज्यभित्र र बाहिर कुल १२८८ विद्यार्थीहरूले सीएमएमएसएस- अन्तर्गत लाभान्वित भएका छन्। जसमा एनईईटी- मार्फत आरआईएमएस- को रूपमा एमबीबीएस प्रवेश प्राप्त गर्ने जस्ता उल्लेखनीय सफलताहरू छन्। वर्ष - २०२४ देखि हिमाचल प्रदेशको पाइनग्रोभ स्कूलमा वार्षिक दस विद्यार्थीहरूलाई कक्षा नवौँ मा भर्ना गरिन्छ। निरन्तर सहयोगको आवश्यकतालाई ध्यानमा राखेर सीएमएमएसएस- लाई स्नातक स्तरसम्म विस्तार गरिएको छ, जसमा दर्ता, ट्युसन, आवास र परीक्षा शुल्कहरू समावेश गर्दछ। वर्ष -२०२५ मा, प्रेरणा र मेरिट छात्रवृत्ति योजना सुरु गरिएको थियो। जसले सबै उप-विभाजनहरूमा कक्षा पाँच सीएमएमएसएस मेरिट सूचीबाट विद्यार्थीहरूलाई छनोट गर्यो। पहिलो वर्षमा कक्षा एघार-मा ९० र कक्षा दस-मा ३६ विद्यार्थीहरूलाई लाभान्वित गर्योई। यी कुराहरूको पूरक मुख्यमन्त्री शिक्षा सहायता योजना (सीएम.ई.ए.एस) हो। जसले आर्थिक रूपमा कमजोर वर्ग, सीमान्तकृत समुदाय र विशेष रूपमा सक्षम समूहका विद्यार्थीहरूलाई आर्थिक सहायता प्रदान गर्दछ।

राज्य सरकारको विभिन्न हस्तक्षेपका कारण हामीले हाम्रो बोर्ड परीक्षाको परिणाममा उल्लेखनीय सुधार हासिल गरेका छौँ। वर्ष- २०२४ मा कक्षा दसमा ६१.६२ प्रतिशतबाट वर्ष- २०२५ मा उत्तीर्ण प्रतिशत तीव्र गतिमा बढेर ७६.६६ प्रतिशत पुगेको छ। आवश्यक दोहोरिने श्रेणीमा विद्यार्थीहरूको अनुपात ३.७१ प्रतिशतबाट घटेर केवल ०.९९ प्रतिशत मात्र पुगेको छ। कक्षा १२ को परिणामलाई हेर्नु हो भने वर्ष - २०२४ मा ८७.५५ प्रतिशतबाट वर्ष -२०२५ मा ८८.९० प्रतिशत पुगेको छ। आवश्यक दोहोरिने दर ४.१५ प्रतिशतबाट घटेर ३.७७ प्रतिशत पुगेको छ।

बलियो छात्रवृत्ति र वित्तीय सहयोग प्रणालीद्वारा सिक्किमको शैक्षिक यात्राले समग्र दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ - समावेशीतामा आधारित, उत्कृष्टताद्वारा संचालित, र हाम्रो राज्यलाई समृद्ध, दिगो र सशक्त भविष्यतर्फ डोर्याउने दक्ष, आत्मविश्वासी र सामाजिक रूपमा जिम्मेवार नागरिकहरूको पुस्तालाई तयार पार्न प्रयासरत कदम अघि सारिएको छ।

**प्रिय नागरिकहरू,**

राज्य सरकारको लागि सबैभन्दा धेरै ध्यान केन्द्रित गर्ने अर्को महत्वपूर्ण क्षेत्र भनेको राज्यको हरेक कुना-कुनामा बिजुली, खानेपानी आपूर्ति र बारम्बार चल्ने सडकहरू जस्ता आधारभूत सुविधाहरू सुनिश्चित गर्नु हो। यी तीन आवश्यक कुराहरू दैनिक जीवनको मेरुदण्ड हुन्। बिजुलीले घर, व्यवसाय र सार्वजनिक सेवाहरूलाई उर्जा दिन्छ। सफा पिउने पानीले स्वास्थ्य र कल्याणको सुरक्षा गर्दछ। बारम्बार चल्ने सडकहरूले समुदायहरूलाई जोड्दछ, व्यापारलाई सक्षम बनाउँछ। जसले, शिक्षा, स्वास्थ्य सेवा र अवसरहरूमा पहुँच सुनिश्चित पनि गर्दछ। यसको खोजीमा, सरकारले बिजुली-पानी-सडक पहलमा प्रमुख ध्यान केन्द्रित गरेको छ। हाम्रो विकास लक्ष्यहरूको उपलब्धि र दिगोपनको लागि समर्पित पूर्वाधार र विकास त्रिपक्षीय क्षेत्रहरूमा सिक्किममा हजारौं मेगावाट जलविद्युत उत्पादन गर्ने क्षमता छ, जुन एक मुख्य स्रोत हो। जसले राज्यको ऊर्जा आवश्यकताहरू मात्र पूरा गर्दैन तर राष्ट्रिय विद्युत ग्रिडमा पनि महत्त्वपूर्ण योगदान पुर्याउँदछ। अक्टोबर -२०२३ को बाढीले गर्दा भएको गम्भीर क्षतिको बावजुद- जसले टिस्टा-३ परियोजना र यसको छेउछाउको बाँधलाई ध्वस्त पारेकोले उत्पादन क्षमतामा उल्लेखनीय क्षति भएको थियो। हामीले द्रुत गतिमा पुनः प्राप्ति गरेका छौँ। विद्युत लाइन र सेवाहरूको द्रुत पुनर्स्थापना मार्फत हामीले प्रत्येक नागरिकको लागि निर्बाध ऊर्जा पहुँच सुनिश्चित गर्न हाम्रो अटल प्रतिबद्धता प्रदर्शन गरेका छौँ। यी प्रयासमा राज्य सरकारले सिक्किम पावर सेक्टर डेभलपमेन्ट प्रोजेक्ट (एसपीएसडीपी) सुरु गरेको छ। जुन राज्यका सबै घरपरिवार, उद्योग र व्यावसायिक प्रतिष्ठानहरूलाई हप्ताको २४ नै घण्टा गुणस्तरीय र भरपर्दो बिजुली प्रदान गर्न एक परिवर्तनकारी पहल हो। १६०७.७८ करोड रुपैयाँको कुल परियोजना परिव्ययको साथ यो पहल एसियाली विकास ब्याङ्कको सहयोगमा जलवायु-प्रतिरोधी र नवीकरणीय-तयार बिजुली प्रणाली सिर्जना गर्न कार्यान्वयन भइरहेको छ। हाम्रो राज्यको दिगो ऊर्जामा संस्करणलाई समर्थन गर्नेछ। यस परियोजनाको एक प्रमुख भाग सिक्किमको विद्युत वितरण नेटवर्कलाई आधुनिकीकरण र सुदृढीकरणमा केन्द्रित छ। यसमा १,३५० किलोमिटर जलवायु-प्रतिरोधी ११ हजार भोल्ट लाइनहरू वितरण र ४६० ट्रान्सफर्मरहरूको वृद्धि र वितरणका साथै अनुगमन र सञ्चालन दक्षता बढाउन एससीएडीए प्रणालीहरूसँग २६ सबस्टेशनहरूको स्तरोन्नति समावेश छ। राज्यका ग्रामीण र दुर्गम समुदायहरूलाई सहयोग गर्दै, १५,००० ऊर्जा-कुशल सार्वजनिक सडक बत्तीहरू स्थापना गरिनेछन्। यसका साथै बिजुली प्रयोग, संरक्षण र सुरक्षाको बारेमा शिक्षित गर्न जागरूकता कार्यक्रमहरू पनि गरिनेछन्। हामीले गत आर्थिक वर्षमा आपूर्ति लागत र औसत राजस्व (एसीएस- एआरआर) बीचको खाडललाई प्रतियुनिट रु.१.२९ बाट घटाएर रु. ०.९८ युनिटमा पुर्याउन सफल भएका छौँ। सुधारिएको राजस्व, योजनाबद्ध स्रोत पर्याप्तता र जनशक्ति योजना मार्फत मार्च २०२६ सम्ममा एससीएस-एआरआर-मा शून्य अन्तर हासिल गर्ने उद्देश्य रहेको छ। राज्य सरकारले समग्र प्राविधिक-वाणिज्यिक (एटी अनि सी) घाटालाई १५ प्रतिशतभन्दा कममा घटाउने दिशामा थप काम गरिरहेको छ। जुन राष्ट्रिय औसत हो। यी उपलब्धिहरू र लक्ष्यहरू भारत सरकारको ऊर्जा मन्त्रालयद्वारा सुरु गरिएको पुनर्निर्मित वितरण क्षेत्र योजना (आर.डी.एस.एस) मार्फत काम गरेर सम्भव बनेको छ। किनकि यसले हामीलाई घाटा कम्ती गर्दै दक्षता सुधार गर्दै विद्युत पूर्वाधारलाई आधुनिकीकरण गर्न निर्णायक कदम चाल्न सक्षम बनायो। यस रूपान्तरणमा एउटा महत्त्वपूर्ण कदम भनेको स्मार्ट प्रिपेड मिटरिङ र विद्युत प्रणाली अपग्रेडेशन र आधुनिकीकरणको कार्यान्वयन हो। यी प्रि-पेड स्मार्ट मिटरहरूले बिजुली खपत गर्ने तरिकामा महान परिवर्तन ल्याउनेछन् - बिलिङमा हुने भिन्नताहरू हटाउँदै, बिजुली चोरी रोक्नेछन् र नागरिकहरूलाई वास्तविक समयमा आफ्नो प्रयोगको निगरानी र व्यवस्थापन गर्न सक्षम बनाउनेछन्।

राज्य सरकारद्वारा घरेलु र औद्योगिक भार प्रक्षेपणसँग मेल खाने थप प्रसारण पूर्वाधार थप्ने दिशामा काम भइरहेको छ। आगामी आईपीपी जलविद्युत परियोजनाहरूको लागि पावर इभ्याकुएशन करिडोर प्रदान गर्ने साथै यसको लागि एक व्यापक योजना हाल कार्यान्वयनमा छ।

प्रिय नागरिकहरू,

जल जीवन मिसनको सफल कार्यान्वयनमार्फत सबै ग्रामीण घरपरिवारलाई स्वच्छ र सुरक्षित पिउने पानी उपलब्ध गराउनु राज्य सरकारको अर्को प्रमुख प्राथमिकता हो। यस पहलअन्तर्गत चलिरहेको राष्ट्रिय ग्रामीण पेयजल कार्यक्रम (एनआरडीडब्ल्यूपी)-लाई प्रत्येक ग्रामीण घरपरिवारमा कार्यात्मक घरेलु कल जडान (एफएचटीसी) अर्थात् 'हर घर नल से जल' को पुनःसंरचना समावेश गरिएको छ। हाम्रो राज्यको स्रोतको सदुपयोग गर्दै राज्यमा कुल ग्रामीण घरपरिवारको ९१ प्रतिशत- १,३१८८० मध्ये १,२०,९१०लाई यी जडानहरू प्रदान गरिएको छ जसमा ८.३२ प्रतिशतमात्र पुरा हुन बाँकी छ। 'हर घर जल' को पहलअन्तर्गत राज्य सरकारले खण्ड पञ्चायत, ग्रामीणस्तरमा विश्वव्यापी पिउने पानीको उपलब्धी सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस योजनाले ६ वटा ब्लक, ८६ पञ्चायत, २१२ गाउँ र १८५३ बस्तीमा पिउने पानीको आवश्यकतालाई पूर्ति गरिसकेको छ। यसबाहेक ग्रामीण क्षेत्रमा स्वच्छ खानेपानीमा निरन्तर रूपमा सुनिश्चित गर्न राज्य सरकारले 'नल जल मित्र' पहल सुरु गरेको छ जहाँ राज्य क्षमता निर्माण संस्थानले ग्रामीण खानेपानी सहजकर्ताहरू बिच प्राविधिक कौशल र पानी व्यवस्थापन विशेषज्ञको वृद्धिका लागि प्रशिक्षणहरू उपलब्ध गराइरहेको छ। राज्य सरकारले सहरी खानेपानी आपूर्ति सुनिश्चित गर्न धेरै जलआपूर्तिका कार्यहरू पनि स्वीकृत गरेको छ।

यी बाहेक हामीले सडक निर्माणमा पनि उल्लेखनीय प्रगति गरेका छौँ। सडकका कुल लम्बाइ ७६९ किलोमिटर हासिल गर्दै ३०० भन्दा बढी असम्बद्ध बस्तीहरूलाई सडकसँग जोडिएका छन्। हालमा हामी प्रधानमन्त्री ग्राम सडक योजना (PMGSY-III)अन्तर्गत स्वीकृत २८३.८३ किलोमिटर लम्बाइका ४४ विभिन्न सडकहरूमा २० वटा पुलहरूको निर्माण कार्य सुरु गरिसकेका छौँ। राज्य सरकारले पनि १८.७३ किलोमिटर र ३ सडक र ८ वटा पुलहरू जीवन्त गाउँ कार्यक्रमअन्तर्गत निर्माण भइरहेका छन्। जसले विभिन्न भौगोलिक क्षेत्रमा यातायात सञ्चारलाई निःसन्देह सुदृढ बनाउने छ।

यी बाहेक बाँकी रहेका सम्पर्कविहीन बस्तीहरूलाई जोड्ने उद्देश्यका साथ राज्य सरकारले (PMGSY-IV) कार्यान्वयन गर्नेछ जसअन्तर्गत २५० भन्दा बढी जनसङ्ख्या भएका बस्तीहरूलाई प्राथमिकतामा राखी सडक सम्पर्क विस्तार गरिनेछ। यस्ता सबै बस्तीहरूको चिह्नित, मानचित्रको सर्वेक्षण गरिएको छ। राज्य सरकारले हाल विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पारिरहेको छ, जसलाई

रहल पृष्ठ ४ मा..

### स्वतन्त्रता दिवसको पावन अवसरमा मुख्यमन्त्रीको सन्देश...............

ग्रामीण विकास मन्त्रालयमा स्वीकृतिका लागि पठाइनेछ।

हामी राज्य र जनताको समग्र सामाजिक र आर्थिक विकास सुनिश्चित गर्न सिक्किममा प्रबल र भरपर्दो सडक सञ्जाल विकास गर्न प्रतिबद्ध छौँ।

**प्रिय नागरिकहरू,**

राज्य सरकारले पर्यटनलाई सिक्किमको पहिचान र आर्थिक वृद्धिको अपरिहार्य स्तम्भको रूपमा मान्यता दिएको छ। वर्तमान मूल्यमा राज्यको जीएसडीपी–मा ९.४८ प्रतिशत योगदान गर्दै र प्रत्यक्ष र अप्रत्यक्ष जीविकोपार्जनमार्फत हाम्रो जनसङ्ख्याको लगभग १८ प्रतिशतलाई सहयोग गर्दै पर्यटन समृद्धिको शक्तिशाली सञ्चालकका रूपमा उभिएको छ। आर्थिक वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणका लागि मुख्य कारकका रूपमा आफ्नो भूमिकालाई स्वीकार गर्दै सरकारले यस क्षेत्रलाई हाम्रो विकासलाई प्राथमिकताको अग्रपङ्क्तिमा राखेको छ। विश्वस्तरीय पर्यटन पूर्वाधारको वृद्धि, गुणस्तर मापदण्डको पालन र जिम्मेवार दिगो पर्यटनको प्रवर्द्धनले सिक्किमलाई विश्व पर्यटन मानचित्रमा दृढतापूर्वक स्थापित गरेको छ। जसका कारण विश्वभरबाट प्रशंसा प्राप्त भएको छ। सन् २०१९ देखि हाम्रो राज्यले भारत सरकार र प्रतिष्ठित मिडियाबाट यात्रीहरूका लागि मोस्ट प्रोमिसिङ रुरल एण्ड होमस्टे डेस्टिनेशन, बेस्ट प्रोमिसिङ टुरिज्म प्र्याक्टिसिङ स्टेट, इकोएडभेन्चर एन्ड रुरल टुरिज्ममा उत्कृष्टताको पुरस्कार, मस्ट् प्रोमिसिङ न्यू डेस्टिनेशन सोरेङ र मस्ट् सिनिक रुट इन इन्डिया 'जुलुक' जस्ता विशेष पुरस्कारहरू प्राप्त गरेको छ। अतिथि सत्कार र सेवा क्षेत्रका दक्ष जनशक्ति तथा सबल पूर्वाधारको सहयोगमा सिक्किमको पर्यटन प्रोफाइलमा उल्लेखनीय रूपान्तरण आएको छ। राज्य सरकार दिगो पर्यटन विकास र प्रवर्द्धनमा प्रतिबद्ध छ, जसले हाम्रो प्राकृतिक सम्पदा र अद्वितीय संस्कृतिको संरक्षण गर्दै स्थानीय अर्थतन्त्र र जीविकोपार्जनलाई सबल बनाउँछ।

यस लक्ष्य पूर्तिका लागि मनोरञ्जन, इको–टुरिज्म, साहसिक पर्यटन, सांस्कृतिक तथा धार्मिक पर्यटन, गाउँ होमस्टे, स्वास्थ्य तथा वेलनेस पर्यटनर एमआईसीई (बैठक, प्रोत्साहन, सम्मेलन, प्रदर्शनी) सहितको बहुआयामिक दृष्टिकोण अपनाइनेछ। हामी उत्कृष्ट आतिथ्य सेवा सुनिश्चित गर्दै उच्च मूल्यका, दीर्घकालीन बसाइ गर्ने पर्यटकलाई आकर्षित गर्ने लक्ष्य लिएका छौँ। यसका लागि सरकारद्वारा अघि बढाइएका प्रमुख पूर्वाधार योजनाहरूमा नाम्लीस्थित अत्याधुनिक सम्मेलन केन्द्र (जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, प्रदर्शनी तथा व्यावसायिक कार्यक्रम आयोजना सकिनेछ) धाप्परदेखि भालेढुङ्गासम्मको पर्यावरणमैत्री रोपवे र पेलिङ हेलिप्याडदेखि साङ्गाचोलिङ गुम्बासम्मको यात्री रोपवे स्थापनाले धार्मिक तथा साहसिक पर्यटनलाई प्रवर्द्धन गर्दै अनुपम दृश्य प्रदान गर्नेछ।

नाम्ची जिल्लाको भालेढुङ्गामा ३६० डिग्रीको दृश्यावलोकन गर्न सक्ने स्काइवाक र गेजिङ जिल्लाको सिङ्सोर पुललाई ग्लास स्काइवाक पुलमा रूपान्तरण गरिने कार्य सञ्चालन भइरहेको छ। जसले अन्तर्राष्ट्रिय पर्यटकहरूलाई आकर्षित गर्नेछ।

धार्मिक तथा तीर्थ पर्यटन सुदृढीकरण १८ माइल (जे.एनरोड)बाबा मन्दिरनजिक छाङ्गुपोखरी कैलाश मानसरोवर यात्रा सुविधाको विस्तार गरिनेछ, सांस्कृतिक, आर्थिक र सामाजिक आदनप्रदानलाई प्रोत्साहन एवम् पर्यटन पूर्वाधारको प्रवर्द्धन साथै नाथुला सीमावर्तीको क्षेत्र विकास गरिनेछ

गान्तोक जिल्ला छाङ्गु ताल क्षेत्रमा पर्यटक पदमार्ग, याक ट्रेल, भ्यूपोइन्टको निर्माण कार्य सुरु गरिनेछ सोरेङ जिल्लाअन्तर्गत मङ्सारीस्थित मगरजोङको विकास कार्य सम्पन्न

सोरेङ जिल्लाको दोदकमा बृन्दावन धामको विकास कार्य सम्पन्न गेजिङ जिल्लाको यक्सोममा सिक्किमका चारजना संरक्षक सन्तको मूर्ति निर्माण कार्य सम्पन्न सोरेङ जिल्लाअन्तर्गत परेङ गाउँमा क्षेत्रीय किरात राई भाषिक तथा सांस्कृतिक अनुसन्धान केन्द्र, किरात राई माङ्खिम, किरात राई मनोकामना धामको विकास कार्य सम्पन्न सोरेङ जिल्लाको रिन्चेनपोङस्थित मेघीडाँडामा रवीन्द्रनाथ ठाकुर पार्क तथा सांस्कृतिक केन्द्रको विकास कार्य सम्पन्न भारत सरकारको पर्यटन मन्त्रालयअन्तर्गत 'स्वदेश दर्शन २.०' योजनामा गान्तोक र गेजिङ जिल्लाहरूको दिगो तथा समग्र विकासका लागि चयन गरिएको छ। स्वीकृत परियोजनामा गान्तोक सांस्कृतिक गाउँ र यक्सोमको इकोवेल अनुभव समावेश छन्। सिक्किमका ग्रामीण भूभागहरू प्राकृतिक सुन्दरता, सम्पदा स्थल र अद्वितीय सांस्कृतिक आकर्षणले सम्पन्न छन्। राज्य सरकारको विश्वास छ कि पर्यटकहरूले गाउँ जीवनको अनुभव लिनुका साथै सिक्किमेली संस्कृतिबारे बुझ्ने अवसर पाउनुपर्छ। विभिन्न जातीय समूहहरूको परम्परागत आतिथ्य, स्थानीय परिकार, गाउँ पैदल यात्रा र सांस्कृतिक कार्यक्रमहरू मिलेर अद्वितीय अनुभव प्रदान गर्छ। यसै उद्देश्यलेमेगा होमस्टे परियोजनाअन्तर्गत राज्यभर १००० होमस्टे निर्माण भइरहेको छ।

**प्रिय नागरिकहरू,**

विश्वका परिवर्तनशील परिस्थितिहरूले भविष्यका अवसर र चुनौतीका लागि हाम्रो युवालाई दूरदृष्टि र नवप्रवर्तनका साथ तयार पार्न हामीलाई प्रेरित गर्दछ। हामीले उद्यमशीलता प्रवर्द्धन, कौशल सुदृढीकरण र स्थानीय तथा अन्तर्राष्ट्रिय रोजगारीका अवसरहरू खोल्नुपर्छ।

परम्परागत रूपमा सिक्किम उद्यमी र उद्योगमुखी समाज थिएन, तर यो अवस्था बदलिँदैछ। राज्य सरकार सशक्त उद्यमशीलता पारिस्थितिकी तन्त्र विकासका लागि पर्याप्त नीतिगत तथा वित्तीय स्रोत समर्पित गर्न प्रतिबद्ध छ। जसले केवल हाम्रो राज्यमात्र नभई देश र विश्वलाई पनि योगदान पुऱ्याउनेछ।

हामीले (Micro Small and medium Enterprises) एमएसएमई नीति–२०२२ अन्तर्गत स्वीकृत गरी उद्यमीहरूका लागि अनुकूल वातावरण सिर्जना गरेका छौँ जसमा जनचेतना कार्यक्रम, कौशल प्रशिक्षण, इन्क्युबेसन सेवा र समग्र सहयोग समावेश छन्।–

हामी हाम्रो युवाका लागि अन्तर्राष्ट्रिय अवसर विस्तार गर्दैछौँ। जर्मनीमा नर्सहरूको सफल नियुक्तिपछि, अब हामी उनीहरूलाई विदेशी रोजगारीका लागि कोरियन, जापानी र म्यान्डरिन भाषाको प्रशिक्षण प्रदान गर्दैछौँ। भारत जापान प्राविधिक इन्टर्न प्रशिक्षण कार्यक्रमअन्तर्गत हाम्रो युवाले विश्व श्रम बजारका आवश्यकता अनुरूप विशेष प्रशिक्षण पाउनेछन्। परराष्ट्र मन्त्रालयसँग सहकार्यमा कार्यशालाहरू सञ्चालन गरी हाम्रो युवालाई अन्तर्राष्ट्रिय कौशल मापदण्डअनुसार तयार पारिँदैछ।

विश्व ब्याङ्कद्वारा समर्थित सिक्किम इन्स्पायर्स (INSPIRES) कार्यक्रमले हाम्रो हस्तशिल्प तथा हस्तकला क्षेत्रको समृद्ध परम्परालाई पुनर्जीवित गर्दै सिर्जनात्मक अर्थतन्त्र प्रवर्द्धन गरिरहेको छ। स्थानीय उद्यमीलाई ५ मेगावाट क्षमतासम्मका साना जलविद्युत् परियोजना र राज्य स्वामित्वका व्यावसायिक सम्पत्तिको वितरणमा प्राथमिकता दिइनेछ।यसका साथै विकासका लागि वित्तीय सहयोग पनि उपलब्ध गराइनेछ। हामी डिजाईनमा नवप्रवर्तन, पर्यावरणमैत्री उत्पादन विधि र डिजिटल बजार प्रवर्द्धनलाई प्रोत्साहन दिँदैछौँ, जसले हाम्रो हस्तकर्मीहरूलाई विश्व बजारमा प्रतिस्पर्धीका रूपमा प्रस्तुत गर्नेछ।

हामीले औद्योगिक तथा लगानी नीति, २०२३ लागु गरेका छौँ, जसले राज्यको छनौटयुक्त, सन्तुलित र हरित विकासलाई प्रोत्साहन गर्छ। औद्योगिकीकरणबाट स्थानीय समुदायलाई लाभ दिलाउँछ र जिम्मेवार स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्छ। प्रत्येक जिल्लामा न्यूनतम् १५ एकर क्षेत्रफलमा औद्योगिक क्षेत्र विकास गरिनेछ, जसमा आधुनिक पूर्वाधार, बिजुली आपूर्ति र यातायात सुविधा उपलब्ध हुनेछ।

उच्च मूल्यका एमएसएमई समूहहरूका लागि पूर्ण सुविधासम्पन्न फ्ल्याटेड फ्याक्ट्री कम्प्लेक्स निर्माणको योजना छ। सिक्किम औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड लगानीकर्ताहरूका लागि सबै स्वीकृति प्रक्रियालाई एकै सञ्जाल प्रणालीमार्फत पारदर्शी र छिटो बनाउनेछ। हामीले राष्ट्रिय र राज्य एकल सञ्जाल प्रणालीमार्फत अनुमतिपत्र जारी प्रक्रिया पूर्ण रूपमा डिजिटलाइज गरेका छौँ, जसले सिक्किममा व्यवसाय सुरु गर्न र विस्तार गर्न अझ सहज बनाएको छ।

राज्यस्तरको इनोभेशन हब स्थापना गरिएको छ, जसले उद्यमशील विचारहरूलाई पोषण गर्ने, क्षेत्रबीच सहयोग प्रवर्द्धन गर्ने र डिजाइनकेन्द्रित विकासलाई प्रोत्साहन गर्नेछ। चाँडै नै जिल्लास्तरमा इन्क्युबेसन केन्द्रहरू स्थापना गरिनेछन्, जुन प्रशिक्षण संस्थान र विश्वविद्यालयसँग सम्बन्धित रहनेछन्, जसले नवप्रवर्तनलाई विकेन्द्रिकृत गरी सम्पूर्ण राज्यका उद्यमीहरूलाई समर्थन गर्नेछ। केन्द्रीय र राज्य हस्तक्षेपमार्फत, विशेष गरी पर्यटन, खाद्य प्रशोधन र जैविक कृषिमा संलग्न ४,५०० भन्दा बढी उद्यमीहरू सशक्त बनेका छन्, जसले रोजगारी सिर्जना गर्नुका साथै स्थानीय आर्थिक वृद्धि पनि गरेका छन्। जीविकोपार्जन विद्यालयहरूलाई पर्यटन तथा आतिथ्य, सौन्दर्य तथा वेलनेस, सूचना प्रविधि र सूचना प्रविधि आधारित सेवाहरू सिर्जनात्मक डिजाइन, हरित रोजगारी तथा बाल र ज्येष्ठ नागरिक हेरचाहजस्ता मुख्य क्षेत्रका क्षेत्रविशेष अकादमीमा स्तरोन्नति गरिनेछ। हामी व्यावसायिक शिक्षालाई नयाँ उद्योगहरूको आवश्यकतासँग मिलाउन विस्तार गर्दैछौँ, जसले हाम्रो श्रमशक्ति भविष्य तैयार बन्न सकोस्।

**प्रिय नागरिकहरू,**

सिक्किमले वातावरण संरक्षण एवम् दिगो विकासप्रति आफ्नो अटुट प्रतिबद्धतालाई नवीन र प्रभावकारी पहलमार्फत साकार गर्दै उल्लेखनीय उपलब्धीहरू हासिल गरेको छ। हाम्रो राज्यले उद्योगका लागि तोकिएका वातावरणीय मापदण्डमा १०० प्रतिशत अनुपालन कायम राखेको छ, यो हाम्रो दिगो औद्योगिक अभ्यास र पर्यावरण संरक्षणप्रतिको दृढ समर्पणको प्रमाण मात्र सक्छौँ।

२ फरबरी २०२५ का पालन गरिने विश्व जलभूमि दिवस (World Wetland Day)–का अवसरमा, हाम्रो समर्पित संरक्षण प्रयासको सम्मानस्वरूप पवित्र खेचीपेरी काललाई आधिकारिक रूपमा रामसार साइटको मान्यता दिइएको छ, यो सिक्किमको पहिलो अन्तर्राष्ट्रिय महत्त्वको जलभूमि बनेको छ। यस सम्मानले काललाई जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलनर समुदायको जीवन निर्वाहजस्ता आधारका कारण विश्वस्तरमा प्रतिष्ठित स्थान दिएको छ। साथै, यस मान्यताले केवल पर्यावरणीय महत्त्वलाई मात्र उजागर गरेको छैन, यसले स्थानीय समुदायका लागि नवीन आर्थिक अवसरहरू पनि प्रदान गरेको छ।

सरकारको प्रमुख पहल 'मेरो रुख मेरो सन्तति'अन्तर्गत प्रत्येक शिशु जन्मेपछि १०८ रुखका विरूवा अनिवार्य रूपमा रोप्ने व्यवस्था गरिएको छ। जसले अभिभावक सन्तान र प्रकृतिबीच आजीवन सम्बन्ध बलियो बनाउँछ। कडा परिणाम आधारित मूल्याङ्कन रूपरेखाअन्तर्गत यो दूरदर्शी योजनाले दुबईमा सम्पन्न COP२८–मा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रशंसा प्राप्त गऱ्यो र जलवायु परिवर्तनजस्तो गम्भीर चुनौतीलाई सम्बोधन गर्न एक नवीन हिमाली दृष्टिकोण प्रस्तुत गरेको छ। यो पहल सुरु भएदेखि ५,००० भन्दा बढी शिशुहरू दर्ता भइसकेका छन्, जसले यसको व्यापक स्वीकृति र उल्लेखनीय सफलताको प्रमाण प्रस्तुत गर्दछ।

यस पहललाई थप सशक्त बनाउन सरकारद्वारा 'सिक्किम शिशु समृद्धि योजना' सुरु गरिएको छ। जसअन्तर्गत रुख रोप्ने लक्ष्य सफलतापूर्वक पूरा गर्ने अभिभावकका बालबालिकाको नाममा रु. १०,८००/–को स्थायी जम्मा ब्याङ्क खातामा उपलब्ध गराइनेछ। यसबाट पर्यावरणप्रतिको जिम्मेवारीले परिवारहरूलाई प्रत्यक्ष आर्थिक लाभ पुऱ्याउनेछ।

वन्यजन्तु संरक्षणमा जनसहभागिता बढाउनहामीले 'माइ चाइल्ड फ्रम दि वाइल्ड' कार्यक्रम सुरु गरेका छौँ, जसअन्तर्गत व्यक्ति वा समूहले निकुञ्ज व्यवस्थापनसँग साझेदारीमा जनावर दत्तक एडप्ट गर्न सक्ने व्यवस्था गरिएको छ। यससँगै 'मेरो बाटो मेरो बोट' अभियानमार्फत सडक किनारलाई हरियालीले भरिपूर्ण जीवन्त ग्रीन कोरिडरमा रूपान्तरण गरिरहेका छौँ। यी पहलहरूले वन्यजन्तु संरक्षणप्रति जनचेतना बढाउनुका साथै जनावर हेरचाह र हरित पूर्वधारलाई अझ प्रवर्द्धनमा सरकारका उत्कृष्ट अभ्यासहरूलाई अझ समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

**प्रिय नागरिकहरू,**

महात्मा गान्धीले भने झैँ, गाउँहरूमा नै भारतको वास्तविक आत्मा र पहिचान लुकेको छ। यही विचारलाई आत्मसाथ गर्दैराज्य सरकारले दृढ विश्वास राख्दछ कि कुनै पनि योजना वा कार्यक्रमको वास्तविक सफलता ग्रामीण भेगमा पुगेरमात्र मापन गर्न सकिन्छ। हाम्रो नीति तथा योजनाहरूको केन्द्रमा सदैव ग्रामीण विकास नै रहेको छ, जसलाई भारत सरकारका प्रमुख योजनाहरू र प्रभावकारी विकेन्द्रित शासन प्रणालीले सशक्त बनाएका छन्। मनरेगा(MGNREG-) जस्ता योजनाहरू आज केवल रोजगार सिर्जना गर्ने माध्यममात्र नभई दीर्घकालीन जीविकोपार्जनको आधार र पूर्वधार निर्माणको प्रभावकारी साधनका रूपमा विकसित भएका छन्। यसै क्रममा हाम्रो 'धारा विकास मोडल' ले जलस्रोत संरक्षण र व्यवस्थापनमा उल्लेखनीय उपलब्धी हासिल गरेको छ। यसअन्तर्गत वार्षिक १,०३५ मिलियन लिटरभन्दा बढी भू–जल संरक्षण हुने गरेको छ, ५१ प्राकृतिक मुहान र ६ काललाई जीवन्तता कायम राखेको छ। यसबाट २० वटा सुख्खाग्रस्त ग्राम पञ्चायत एकाइ प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

सिक्किम ग्रामीण जीविकोपार्जन मिसनको माध्यमबाट हामीले ग्रामीण समुदायलाई दिगो आर्थिक र आत्मनिर्भर जीवनशैलीतर्फ उन्मुख गरिरहेका छौँ। यस अभियनअन्तर्गत हामीले १६६ उत्पादक समूह गठन गरेका छौँ, 'लखपति दिदी' पहल सुरुआत र १० एकीकृत खेती समूह स्थापना गरेका छौँ। डे–एनआरएलएमअन्तर्गत हालसम्म ९६३ उद्यमहरू स्थापना भएका छन् जसले विद्यालयको पोसाक सिलाई गरेर ५ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेका छन्। स्वयम् सिक्किम, एसएआरएस मेला, र एम.जी मार्ग स्टलजस्ता प्लेटफर्महरूले ग्रामीण उत्पादनलाई ठूला बजारमा पुऱ्याएको छ। यसका साथै वृद्ध तथा दिव्याङ्गजनहरूलाई पनि स्वयम् सहायता समूहमा समावेश गराइएको छ, जसले उनीहरूलाई जीविकोपार्जनको अवसर प्रदान गर्नुका साथै आत्मनिर्भरताको अनुभूति दिलाएको छ।

हाम्रो कृषि तथा पशुपालन क्षेत्रमा प्रभावकारी पहलहरू निरन्तर अघि बढिरहेको छ। दुग्ध तथा सुँगुर उत्पादन प्रोत्साहन योजनार बिउरो अव् इन्डियन स्टेन्डर (बीआईएस) (प्रकार–१) गाईको दाना वितरण, चारो व्यवस्थापन र जनचेतनाले उत्पादनमा उल्लेखनीय वृद्धि ल्याएका छन्। सिक्किम सरकारले २०२० देखि यता दुग्ध उत्पादन प्रोत्साहन योजनाअन्तर्गत कृषकहरूलाई ६५ करोड रुपैयाँभन्दा बढी वितरण गरिएको छ। सिक्किम दुग्ध सङ्घ सन् १९८० मा ५६ दुग्ध

रहल पृष्ठ ५ मा..

## स्वतन्त्रता दिवसको पावन अवसरमा मुख्यमन्त्रीको सन्देश...............

सहकारी संस्थाका सदस्यबाट दैनिक २,९९१ लिटर दुध सङ्कलन गर्दै सुरु भएको थियो भने आज२०२५मा लगभग १३,००० सदस्यबाट दैनिक ६५,०००-६८,००० लिटर दुध सङ्कलन गर्न सफल भएको छ। १७ जुन २०२५ मासङ्घले आफ्नो इतिहासकै उच्चतम उपलब्धी हासिल गर्दै एकै दिनमा ७१,२४९ लिटर दुध सङ्कलनको ऐतिहासिक कीर्तिमान कायम राखेको छ। हामीले भर्खरैमात्र नयाँ २०वटा दुध सङ्कलन केन्द्र स्थापना गर्नका साथैसिक्किम दुध सङ्घमार्फत १६ नयाँ दुग्धजन्य उत्पादन बजारमा ल्याएका छौं, जसले सहकारी आन्दोलनलाई अझ सबल बनाउनुका साथै ग्रामीण अर्थतन्त्रलाई अझ मजबुत परेको छ।

**प्रिय नागरिकहरू,**

हाम्रो राज्यले पुनः एकपल्ट गौरवपूर्ण इतिहास रचेको छ। देशकै पहिलो, ओडीएफ प्लस मोडल (ODF Plus Model) राज्य बन्न सफल हुँदै, ठोस् र तरल फोहोर व्यवस्थापनमा उत्कृष्ट उपलब्धी हासिल गरेको छ र विभिन्न राष्ट्रिय पुरस्कार प्राप्त गरेको छ। हामीले स्थापना गरेको स्वच्छ ग्राम पञ्चायत पुरस्कारले गाउँ-गाउँमा स्वस्थ प्रतिस्पर्धा सिर्जना गर्दै स्वच्छता र व्यवस्थापनमा उत्कृष्टता हासिल गरेको छ र स्वच्छ ग्रामीण साना राज्यहरूमध्ये सिक्किमले शीर्ष तीन स्थान प्राप्त गरेको छ। यसअन्तर्गत सातवटा अत्याधुनिक मोबाइल ट्रिटमेन्ट युनिट, १४ फोहोर सङ्कलन गाडी, ८ प्लास्टिक फोहोर व्यवस्थापन एकाइ, र हजारौं शौचालय, कम्पोस्ट पिट र सोक पिट निर्माण गरी दिगो फोहोर व्यवस्थापन र पुनः प्रयोगमार्फत आम्दानी गर्ने अवसर प्रदान गरेको छ।

सिक्किममा हरेक गाउँको सरसफाइ, सुरक्षित पानी, जीविकोपार्जन, जलवायु प्रतिरोधक क्षमता, सामाजिक समानतार सुरक्षाको आत्मनिर्भरतर्फ रूपान्तरण गर्ने दीर्घकालीन उद्देश्य रहेको छ। जनसहभागिता, नवप्रवर्तन र निरन्तर प्रयासलाई आधार बनाएर हामी दिगोसमृद्ध र गौरवशाली ग्रामीण सिक्किमको निर्माण गर्दैछौं जुन सबल दिगो र भविष्य केन्द्रित हुनेछ।

प्रिय नागरिकहरू,

पूर्वी हिमालयमा अवस्थित सिक्किममा ३२० हिम तालहरू छन्, जसमध्ये जलवायु परवर्तनको तीव्र प्रभावले हिउँ पग्लँदै जाँदा हिमनदीका कारण हिमतालको स्तर विस्तार हुँदै गएका छन्। राष्ट्रिय आपदा व्यवस्थापन प्राधिकरण (NDM-) ले १८९ उच्च जोखिमयुक्त हिमतालमध्ये ४० सिक्किममा रहेको पहिचान गरेको छ। यी हिमतालहरू केवल प्राकृतिक संरचनामात्र होइनन्, हाम्रो जनजीवन र प्राकृतिक सम्पदा र देशको विकासमा खतरा पुर्याउने सम्भावित स्रोत हुन्। राज्य सरकारले उक्त समस्यालाई गम्भीरतापूर्वक लिएर समाधान गर्न वैज्ञानिक अध्ययन तथा अनुसन्धानका साथै विभिन्न उपकरणको जढान गरेको छ।

२०२३ को अक्टोबर महिनामा दक्षिण ल्होनाक तालले ल्याएको विपत्तिले हामीलाई यस्ता त्रासदीहरू भविष्यमा रोक्नुपर्ने अवश्यकताबारे गहिरो चेतावनी दिएको छ। यस्ता विपत्तिबाट बच्न र हिमताल फुट्ने जोखिम न्यूनीकरण गर्न, हामीले उच्चस्तरीय समिति र बहुविषयक कार्यदल गठन गरेका छौं।

यस कार्यमा हिम नदीविद्, पर्यावरणविद्, भूगोलविद्, भूवैज्ञानिक, संरचना अभियन्ता, जलविद्युत विज्ञ, वैज्ञानिक र आपदा व्यवस्थापन विज्ञबिच घनिष्ठ सहकार्यका लागि सरकारले व्यापक दृष्टिकोण अपनाएको छ।जसअन्तर्गत विज्ञान एवम् प्रौद्योगिकी विभाग, भूराजस्व एवम् आपदा प्रबन्धन विभाग, खनिज एवम् भूगर्भ विभागहरूलाई एकसाथमा ल्याइएको छ। विज्ञान एवम् प्रौद्योगिकी विभागलाई नोडल एजेन्सी बनाइएको छ, जसले दक्ष अभियन्ता टोलीसँग मिलेर हिमताल फुट्ने जोखिमलाई न्यूनीकरण गर्न विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्नेछ। पहिलो पटक, सिक्किमले साको छो तालको जोखिम न्यूनीकरणकसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार पारेको छ र ल्होनाक क्षेत्रमा पानीको सङ्कलन संरचना निर्माणको प्राम्भिक प्रस्ताव पेस गरिसकेको छ।बाथमेट्रिक सर्वेक्षण, इलेक्ट्रिकल रेसेस्टिभिटी टोमोग्राफी, जलविज्ञान अध्ययनर ढलान स्थिरता मूल्याङ्कनलगायत विस्तृत क्षेत्रगत अध्ययन सम्पन्न गरिसकेका छन्। जसको उद्देश्य जोखिम न्यूनीकरण गर्दै सिक्किमलाई हिमताल जोखिम व्यवस्थापनको आदर्श मोडल राज्यका रूपमा स्थापित गर्नु हो।

**प्रिय नागरिकहरू,**

हामीलाईज्ञात छ, परम्परागत रूपमा ठुलो अलैंची, फापर र अन्य नगदे बालीहरूले पुस्तौंदेखि हजारौं कृषक परिवारहरूको जीविकोपार्जन धानेका छन्। यी बालीहरू हाम्रो ग्रामीण अर्थतन्त्रको विशेष पहिचान हुन्, तर पछिल्ला दशकहरूमा जलवायु परिवर्तनका कारण उत्पन्न रोग, माटोको गुणस्तरमा कमी आएको र आनुवंशिक कमजोरीका कारण उत्पादनमा ठुलो कमी आएको छ। यस गम्भीर परिस्थितिलाई बुझ्दैराज्य सरकारले ठुलो अलैंचीमा फैलिएका रोगहरू नियन्त्रण गर्न 'मेरो अलैंची, मेरो धन' नामक अभियान सुरु गरेको छ। यसअन्तर्गत अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्दै हामीले रोगको मूल कारण पत्ता लगाउने कार्यमा जुटेका छौं, परीक्षण किट विकास गर्ने प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्दैछौं र भाइरलजन्य रोगका लागि आरएनए (RN-) खोप निर्माणजस्ता महत्त्वपूर्ण कार्य अघि बढाएका छौं।अनुवंशिक रोग प्रतिरोधक क्षमता विकास गर्न जीनोम सिक्वेन्सिङ, परम्परागत प्रजनन, उत्परिवर्तन प्रजननबारे विस्तृत अध्ययन पनि सुरु गरिएको छ।

सिक्किममा क्यान्सर केवल एउटा रोगमात्र नभएर यो सार्वजनिक स्वास्थ्यको गम्भीर चिन्ताको विषय बन्दै गएको छ। सन् २०१४ देखि २०२४ सम्मको अवधिमा क्यान्सरका बिरामीको सङ्ख्या करिब दोब्बर भएको तथ्याङ्कले यसको गम्भीरता प्रष्ट पार्दछ। राज्य सरकारले क्यान्सरजन्य मृत्युदर घटाउने उद्देश्य राखेर वैज्ञानिक प्रमाणमा आधारित रोकथाम रणनीति र समयमा नै रोग पत्ता लगाउने विषयमा विशेष ध्यान दिएको छ।

आगामी केही महिनामा हामी क्यान्सरको जोखिम घटाउन जनचेतना अभियान सुरु गर्नेछौं, जसमा खानपान र जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउन प्रेरित गरिनेछ र सामाजिक सञ्जालमार्फत पहिलो जनशिक्षा अभियान सुरु गर्नेछौं। यससँगै भारत सरकारको स्वास्थ्य अनुसन्धान विभाग र भारतीय आयुर्विज्ञान अनुसन्धान परिषद् (ICMR)-सँग सहकार्य गरेर गाउँ-गाउँ र शहर-शहरमा क्यान्सर स्क्रिनिङ अभियान सञ्चालन गर्नेछौं। यस अभियानअन्तर्गत प्रारम्भिक चरणमै क्यान्सरका सम्भावित कोषिकाहरू पहिचान गरी उपचार गर्नेछ।

**प्रिय नागरिकहरू,**

आज म यहाँ राज्यको प्रशासनिक संरचनामात्र होइन, तर हाम्रा कर्मचारीहरूको जीवनस्तर, गरिमा र पेसागत उन्नतिको दिशा देखाउने ठोस कदमहरूबारे जनतालाई जानकारी दिन चाहन्छु। सन् २०१९ देखि राज्य सरकारले कर्मचारीहरूको जीवनमा प्रत्यक्ष लाभ पुर्याउने नीतिहरू कार्यान्वयन गर्दै आएको छ।

हामीले रोजगारीका अवसरहरू खुला, निष्पक्ष र योग्यतामा आधारित बनाउने सुनिश्चित गरेका छौं। २०१९ देखि जुलाई २०२५ सम्म प्रत्यक्ष रूपमा १,१७२ जनालाई नियुक्त दिएको छ, साथै दिवङ्गत सहकर्मीहरूको परिवारलाई सहयोग र अवसर उपलब्ध गराउन ४६४ सहानुभूतिपूर्ण नियुक्ति(Compassionate -ppointment) प्रदान गरिएको छ।

विशेष गरी समूह 'ए' र 'बी' मा (अखिल भारतीय सेवा सहित) उल्लेखनीय स्तरमा पदोन्नति दिएका छौं। हालसम्म ३,१२४ भन्दा बढी, राज्य प्रहरी सेवामा अतिरिक्त प्रहरी अधिक्षकदेखि प्रहरी महा निरीक्षकसम्म १००, र प्रहरी, जेल तथा आगलागी एवम् आकस्मिक सेवा विभागमा २,५३५ पदोन्नति दिइएको छ। प्रहरी बाहेकका अन्य विभागमा समूह 'सी' र 'डी' का २,६४५ कर्मचारीलाई पदोन्नति दिएको छ। हामीले २८,६६८ अस्थायी कर्मचारीको सेवा स्थायीकरण गर्दै उहाँहरूको रोजगारीमा सुरक्षा र सम्मान प्रदान गरेका छौं। साथै, २०१९ देखि हालसम्म २७,४१८ अस्थायी नियुक्ति पनि गरेर हजारौं परिवारको जीविकोपार्जनमा स्थायित्व ल्याएका छौं। यसै क्रममा नागरिक सेवा, वित्त, कृषि, सूचना प्रविधि, खेलकुदलगायतमा १६ विभिन्न सेवाहरूमा व्यापकसमीक्षा गरेर समयको मागअनुसार शान्ति र स्थायित्व कायम राख्ने संरचना सुनिश्चित गरिएको छ।

हामीले अस्थायी कर्मचारीको स्थायीकरणको लागि ऐतिहासिक नीति लागु गरेका छौं। यसअन्तर्गत सेवाको योग्यता समयावधि ८ वर्षबाट घटाएर ४ वर्ष गरिएको छ।विशेष क्षमता भएका कर्मचारीहरूका लागि ५ वर्षबाट घटाएर २ वर्ष गरिएको छ। जमिनदाता र उनका सन्तानका लागि नियुक्ति तथा स्थायीकरणको स्पष्ट नीति पनि तयार गरिएको छ।

हामीले कार्यस्थलको वातावारण र कार्य तथा जीवन सन्तुलन सुधारका गर्न महत्त्वपूर्ण कदम चालेका छौं। अस्थायी महिला कर्मचारीका लागि मातृत्व बिदा १८० दिनबाट बढाएर ३६५ दिन, स्थायी महिला कर्मचारीलाई आफ्नो सन्तान १८ वर्षको नहुन्जेलसम्म १८० दिनसम्मको बाल हेरचाह बिदा उपलब्ध गरिएको छ। अस्थायीसहित सबै पुरुष सरकारी कर्मचारीलाई दिने पेटरनिटी बिदा १५ दिनबाट बढाएर ३० दिन पुर्‍याइएको छ। परिवारलाई सहयोग पुर्‍याउने साथै जनसङ्ख्या सन्तुलन गर्ने उद्देश्यले हामीले कुल प्रजनन दर बढाउने पहल गरेका छौं। १ जनवरी २०२५ पछि जन्मिएको दोस्रो सन्तानको लागि एक एडभान्स इन्क्रिम्यान्ट (-dvance increment) र तेस्रो सन्तानको लागि दुई तहको एडभान्स इन्क्रिम्यान्ट दिने व्यवस्था गरिएको छ।

स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति कायम राख्ने उद्देश्यलेसिक्किम स्वास्थ्य सेवाअन्तर्गतसामुदायिक स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र र प्राथमिक स्वास्थ्य उपकेन्द्रमा सेवा दिइरहेका (मुख्यालयमा कार्यरत र दन्त्य चिकित्सकबाहेक) चिकित्सकको अवकाश उमेर ६२ वर्ष पुर्याइएको छ। यो व्यवस्था वार्षिक मूल्याङ्कनको आधारमा लागु हुनेछ। सिक्किम प्रहरी र भारतीय रिजर्भ बटालियनमा हुने विशेष भर्तीमा पूर्व-अग्निवीर जवानहरूका लागि २० प्रतिशत आरक्षण दिएको छ। हामीले स्थायी तथा अस्थायी दुवै प्रकारका कर्मचारीका लागि अधिकतम् १,०८० दिनसम्मको विश्राम अवकाश (Sabbatical Leave)को व्यवस्था गरेका छौं, जसले उनीहरूलाई व्यक्तिगत, शैक्षिक वा व्यावसायिक विकासका लगि अवसर प्रदान गर्दछ र यस अवधिमा सेवाकाल निरन्तर रहने व्यवस्था गरिएको छ। यी सबै कदम केवल कागजमा अङ्कित तथ्याङ्कमात्र होइनन्। यी हाम्रो सरकारको कर्मचारीप्रतिको प्रतिबद्धता, त्यागको कदर र सेवाको मूल्याङ्कनको प्रमाण हुन्। हामीलाई अधिक समर्थनसँगै धेरै जिम्मेवारी पनि आएको छ। सिक्किमका जनताले हामीप्रति आफ्नो आशा र आकाङ्क्षा सुम्पेका छन्। सरकारी कर्मचारी कल्याणप्रतिको प्रतिबद्धतालाई जनकल्याणको समान प्रतिबद्धतामा रूपान्तरण गर्नु हाम्रो परम दायित्व हो। हामीले तयार गर्ने प्रत्येक फाइल, प्रदान गर्ने प्रत्येक सेवार लिने प्रत्येक निर्णयमा दक्षता, पारादर्शिता र इमानदारी स्पष्ट रूपमा प्रतिबिम्बित हुनेछ।

प्रिय नागरिकहरू,

खेलकुद तथा युवावर्गको समग्र मानव विकासका लागि राज्य सरकार केन्द्रीय आधार हुन्। जसले शारीरिक, मानसिक सामुदायिक शक्तिको भावना निर्माण गर्दछ। हाम्रा युवामा असीम क्षमता छ, यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उत्कृष्टता हासिल गर्न गुणस्तरीय प्रशिक्षण, आधुनिक पूर्वाधार तथा विशेष प्रशिक्षणमार्फत अघि बढाउनु हाम्रो परम कर्तव्य हो।

हामी खेल विज्ञान तथा उत्कृष्ट खेलाडीहरूमा लगानी गरिरहेका छौं, जसमा उत्कृष्टतालाई प्रोत्साहन गर्नाका निम्ति मुख्यमन्त्री खेलकुद पुरस्कारसहित नगदराशि प्रदान गरिनेछ। यसरी नै विभिन्न खेलकुद अकादमीहरू स्थापना हुँदैछन्, जसमा धनुर्विद्या परम्परालाई अगाडि बढाउन तरुणदीप राई आर्चरी अकादमी, प्रतिस्पर्धी बक्सरहरूलाई प्रशिक्षण दिन जसलाल प्रधान बक्सिङ अकादमी र महिलाहरूको खेलकुदप्रति सहभागिता बढाउन सोरेङस्थित राज्य महिला खेलकुद अकादमीको स्थापना गरिँदैछ। यसरी नै अन्य खेलकुदसरह फुटबललाई पनि प्राथमिकता दिई सिक्किम प्रिमियर लिग, एस लिग एन्ड फ्लागसिप टुर्नामेन्ट, गभर्नर गोल्ड कप, मुख्यमन्त्री फुटबल प्रतियोगिता र महिला खुल्ला फुटबल प्रतियोगिता जस्ता प्रमुख प्रतियोगिताहरू समावेश छन्।

सिक्किममा खेलकुदलाई अझ उचाइमा पुर्याउनहामी स्वर्ण जयन्ती एकीकृत खेलकुद तथा सांस्कृतिक भवन निर्माण गर्दैछौं, जसमा विश्वस्तरीय प्रशिक्षण सुविधा, आवासीय व्यवस्था, खेल चिकित्सा केन्द्र र विभिन्न खेल शाखाहरूको प्रशिक्षण उपलब्ध गराइने छ।

**प्रिय नागरिकहरू,**

यस वर्ष हामीले हाम्रा भवन शिल्पकार, समुदायका आधारस्तम्भ र समाजका मौन राष्ट्रनिर्माताहरू र हाम्रा आमाहरूलाई सम्मान गर्ने ऐतिहासिक पहल सुरु गरेका छौं। यसै सन्दर्भमा, हामीले १० अगस्तलाई 'आमा सम्मान दिवस' का रूपमा घोषणा गरेका छौं। यस दिवसले आमाहरूको असीम ममता, निःस्वार्थ सेवा र अटल शक्तिलाई सदैव स्मरण गर्नेछ। हामीले आमाहरूको सम्मान, सशक्तीकरण र समग्र कल्याणलाई शासनको मूलमा राख्दै 'आमा सशक्तीकरण योजना' अन्तर्गत ३२,००० आमालाई वार्षिक दुई किस्तामा रू. ४०,०००/- प्रदान गर्दैछौं। जसले आफ्नो जीवन हामीमाथि लगानी गर्नुभयो, ती आमाहरूको योगदानको उचित सम्मानस्वरूप 'आमा सहयोग योजना' अन्तर्गत ४,२०० भन्दा बढी आमालाई वार्षिक निःशुल्क एलपीजी सिलिन्डर रिफिल उपलब्ध गराइरहेका छौं, ताकि कुनै पनि आमाले भोक र सुविधाबिच छनोट गर्नुपर्ने अवस्था आउन नपरोस्।

यसअतिरिक्त, हामीले 'नारी अदालत' पनि स्थापना गरेका छौं। यो महिला नेतृत्वमा सञ्चालित सामुदायिक मञ्च हो, जसले ग्रामीण तथा अर्धसहरी क्षेत्रका महिलाहरूलाई न्याय पुर्याछउने, आपसी विवाद समाधान गर्ने, अधिकारको रक्षा गर्ने र सम्मानसहित समानता कायम राख्ने काम गर्नेछ। यसै गरी स्तनपान गराउने आमाहरूको सुविधा र सुरक्षाका लागि हामीले स्तनपान पोड्स र 'आमा सुविधा घर' निर्माण गरेका छौं। जसले सार्वजनिक स्थलहरूमा आमाहरूलाई शिशु स्तनपानमा सहजता, शिशु हेरचाहर सरसफाइ सुनिश्चित गरिएको छ। हाम्रो लागि आमाहरूलाई सशक्त बनाउनु परम कर्तव्य हो।

**प्रिय नागरिकहरू,**

हामी युवा तथा महिलाहरूका निम्ति

रहल पृष्ठ ६ मा..

**स्वतन्त्रता दिवसको पावन अवसरमा मुख्यमन्त्रीको सन्देश...............**

आर्थिक अवसर सिर्जना गर्दै कौशल वृद्धि एवम् राज्यको विकास यात्रामा उनीहरूको सक्रिय सहभागिताको सुनिश्चितताप्रति प्रतिबद्ध छौँ। हाम्रो उद्देश्य उनीहरूलाई स्थानीय तथा वैश्विक क्षेत्रमा परम्परागत कृषिसम्बन्धी गुणस्तरीय रोजगारीको अवसर उपलब्ध गराउनु हो।

सरकारको यस दृष्टिअनुरूप विश्व ब्याङ्कको सहयोगमा हामीले सिक्किममा INSPIRE (Integrated Service Provision Innovation for Reviving Economies) नामक परिवर्तनशील पहल सुरु गरेका छौँ, जसको उद्देश्य गैर-कृषि क्षेत्रमा महिला तथा युवाहरूको आर्थिक सुदृढीकरणलाई प्रवर्द्धन गर्नु हो। विगत वर्षमा सिक्किमले आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगति गरे तापनि सम्बन्धित समूहका लागि यससँग मेल खाने कुनै पनि रोजगारी वृद्धि हुन सकेको छैन। सिक्किम इन्सपार्यले यसबिच देखिने अभावलाई पूर्ति गर्न सेतुका रूपमा काम गर्दै मुख्य तीन परिणाममाथि केन्द्रित रहेर कार्य गर्नेछ, जसमा समावेशी वृद्धिको सुदृढ प्रणाली, प्रमुख क्षेत्रमा रोजगारीको सशक्त माध्यम सिर्जना, र आवश्यक सेवा उपलब्धीमा सुधार रहेको छ। यसै गरी ग्रामीण विकास क्षेत्रमा, राज्यका सबै जिल्लाका लागि एकीकृत आर्थिक समावेशीकरण कार्य योजना वा जिल्ला समृद्ध योजना तयार पारिँदैछ। जसको उद्देश्य महिला तथा युवाहरूका लागि सार्थक अवसर सिर्जना गर्ने कार्यक्रम र लगानीको समायोजन गर्नु रहेको छ। व्यापक नागरिक सहभागितामार्फत तिनवटा जिल्लाका जिल्ला समृद्ध योजनाहरू पुरा भइसकेका छन्, भने अन्य योजनाहरू हाल कार्यान्वयन प्रक्रियामा छन्।

यसरी नै उद्यमशील र गैर-कृषि रोजगारीका लागि प्रशिक्षण सुविधा स्तरवृद्धि गरिएको छ भने प्रशिक्षकहरूलाई डिजिटल मार्केटिङ, ब्रान्डिङ, उद्यम इन्क्युबेसन र भ्यालु चेन विकासमा उच्चस्तरीय प्रशिक्षण दिइएको छ। पर्यटन क्षेत्रमा, साहसिक पर्यटन, पर्यावरणमैत्री पर्यटन र आतिथ्यसम्बन्धी तालिम पूर्वाधारहरूको सुदृढीकरण गरिएको छ र यसका लागि प्रशिक्षक क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भइसकेका छन्। ग्रामीण र साहसिक पर्यटनलाई प्रवर्द्धन गर्न सिक्किम ग्रामीण पर्यटन सम्मेलनजस्ता कार्यक्रमहरू आयोजनासँगै होमस्टे सञ्चालकहरूको क्षेत्र सर्वेक्षणसँगै उनीहरूलाई डिजिटल मार्केटिङ र व्यावसायिक विकाससम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ, जसले उनीहरूको आम्दानीको स्रोत बढाउनेछ।

कौशल विकास क्षेत्रमा,युवाहरूलाई सुरक्षित एवम् मर्यादित विदेशी रोजगारी सुनिश्चित गर्न माइग्रेसन सपोर्ट फ्रेमवर्क लागु गरिएको छ। यसअन्तर्गत रोजगार मेला, माइग्रेसन सपोर्ट नीतिको शुभारम्भ, दुर्गम क्षेत्रमा मोबाइल कौशल एकाइ सञ्चालन र विश्व युवा कौशल दिवस २०२५ लाई कृत्रिम बुद्धिमत्ता (एआई) तथा डिजिटल कौशलमा केन्द्रित रहेर मनाउने पहलहरू समावेश छन्। जसमा भविष्यका कार्यक्रमहरूलाई मार्गदर्शन गर्न व्यापक कौशल अभाव मूल्याङ्कनको योजना पनि बनाइएको छ।

सूचना प्रविधि क्षेत्रमा, गोपनीयता सुनिश्चित गर्न, तथ्याङ्क व्यवस्थापनमा सुधार र प्रमाणआधारित शासनलाई प्रवर्द्धन गर्न राज्य तथ्याङ्क नीति २०२५ घोषणा गरिएको छ। यस योजनाअन्तर्गत राज्यका तथ्याङ्क केन्द्रको स्तरवृद्धि र हालसम्म जिल्लामा अनुपलब्ध सम्पर्क विस्तार कार्य समावेश छन्।

पर्यावरणमैत्री पर्यटन क्षेत्रमा,पर्यावरण संरक्षणलाई प्रवर्द्धन गर्दै ग्रामीण रोजगारी सिर्जनाका लागि ७वटा सम्भावित गन्तव्यहरू पहिचान गरी विषयआधारित विकासका योजनाहरू निर्माण गरिएको छ। स्वास्थ्य क्षेत्रमा, पहिलो पटक एकीकृत मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम रणनीति २०२५-३० सुरु गरिएको छ। शिक्षकहरूलाई जीवन कौशलको शिक्षासँगै स्वास्थ्यकर्मीहरूलाई मानसिक स्वास्थ्य सेवाको प्रशिक्षण प्रदान गरिनेछ। यस योजनामा बिरामी हेरचाह सेवालाई सुदृढ पार्ने र राज्यमा सहायक प्रजनन प्रविधि सुविधाको स्थापना कार्यलाई पनि समावेश गरिएको छ।

व्यापार तथा उद्योग क्षेत्रमा, राज्य औद्योगिक तथा लगानी नीति २०२४ सँगै सिक्किम डिजाइन सप्ताहजस्ता पहलहरू सुरु गरिएको छ, जसले राज्यको सिर्जनात्मक क्षमता प्रस्तुत गरेको छ। भविष्यमा परम्परागत सिलाइबुनाइ तथा हस्तकला क्षेत्रमा धरोहरआधारित डिजाइनमा सुधार गर्ने योजना छ।

सिक्किम इन्स्पायर्समार्फत हामी समावेशी र नवप्रवर्तनशील केन्द्रित ग्रामीण अर्थतन्त्र निर्माण गर्दैछौँ।जसले महिला तथा युवाहरूलाई सशक्त बनाउँदै आजीविकाको विविधीकरण गर्दछ। यो राज्यका दिगो एवम् समुदायिक विकासलाई प्रवर्द्धन गर्दछ।

यससँगैसिक्किम इन्स्पायर्स पहलमार्फत हामी एउटा गम्भीर समस्यामाथि चिन्ता व्यक्त गर्दैछौँ। जुन हाम्रो प्रजनन दर (Fertility Rate) मा भइरहेको निरन्तर गडबढी सम्बन्धी रहेको छ। राष्ट्रिय परिवार तथा स्वास्थ्य सर्वेक्षण (NFHS) अनुसार, सिक्किमको कुल प्रजनन दर १९९८-९९ मा २.७५ बाट २०१९-२१ मा घटेर केवल १.१ मा पुगेको छ। यो गम्भीर चिन्ताको विषय हो। हाम्रो सरकारले राज्यको जनसङ्ख्या तथा सामाजिक सन्तुलनमा पार्ने प्रभावलाई कम गर्न सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। यसै अवसरमा, म खुसीका साथ घोषणा गर्दछु कि भारतीय आयुर्विज्ञान अनुसन्धान परिषद् (ICMR) ले 'सिक्किममा कुल प्रजननदर घट्दो अवस्थालाई सम्बोधन गर्न राज्य स्वास्थ्य प्रणालीको तयारी गर्दैयसको कारकहरू तथा प्रवृत्तिको शीघ्र मूल्याङ्कन'विषयआधारित नयाँ अनुसन्धान परियोजना स्वीकृत गरेको छ। यस महत्त्वपूर्ण अध्ययनलाई ICMR-NIRRCH, मुम्बईका वैज्ञानिकहरूले नेतृत्व गर्नेछन्। यसमा ICMR मुख्यालय, नयाँ दिल्ली तथा NIRRCH, मुम्बईका राष्ट्रिय विशेषज्ञहरूसँगै सिक्किमका वरिष्ठ चिकित्सक, शिक्षाविद् र प्रशासकहरूको सहकार्य रहनेछ। परियोजनाको उद्देश्य प्रजननदरका प्रवृत्ति अध्ययन गर्ने रयसको आधारभूत कारणहरू चिह्नित गर्ने र घट्दो प्रजनन दरका चुनौतीलाई सम्बोधन गर्न हाम्रो स्वास्थ्य प्रणालीको मूल्याङ्कन रहेको छ। यसबाट प्राप्त तथ्याङ्कले हामीलाई प्रजनन स्वास्थ्य सेवा सुदृढ पार्न र प्रमाणआधारित नीतिहरू बनाउन सहयोग गर्नेछ। जसले सिक्किमको जनसङ्ख्यामा स्थिरता र सामाजिक संरचना सुरक्षित गर्न सहयोग पुर्याउने छ। यो पहल सार्वजनिक स्वास्थ्य, वैज्ञानिक सहकार्य र तथ्यआधारित शासनप्रतिको हाम्रो अटल प्रतिबद्धताको प्रमाण हो। हामी सबै मिलेर हाम्रो राज्यको सन्तुलित स्वास्थ र समृद्ध भविष्य सुनिश्चित गर्नेछौँ।

**प्रिय नागरिकहरू,**

यस ऐतिहासिक अवसरमा, म तपाईंहरूसमक्ष दूरदर्शी नवीन संस्थाका रूपमा स्थापना भएको सिक्किम रूपान्तरण संस्थानको (ITS) घोषणा गर्न पाउँदा अत्यन्त हर्षित छु। यस संस्थानले तथ्याङ्क,प्रमाण, नवप्रवर्तन र जवाफदेहिताका आधारभूत सिक्किम सरकारको नीतिगत नर्भ सेन्टर का रूपमा कार्य गर्नेछ। अध्यक्ष, उपाध्यक्ष र विज्ञ सदस्यहरूद्वारा नेतृत्व गरिने व्यावसायिक संरचना योजना तथा विकास विभागको प्रशासनिक सहयोगमा सिक्किम रूपान्तरण संस्थानहाम्रो विकासका रणनीतिलाई स्पष्टता, कठोरता र दूरदर्शीतासहित मार्गनिर्देशन गर्नेछ।

यस संस्थानले हाम्रो राज्यका नीतिहरूलाई राष्ट्रिय प्राथमिकतासँग जोड्दै सन् २०४७ सम्मको 'विकसित भारत' को लक्ष्यसँग मिलाप गराउनेछ। कृषि, ऊर्जा, पर्यटन, शिक्षा र जलवायु सहनशीलताजस्ता प्रमुख विकासहरू पहिचान गर्नाका साथै सरकारी योजनाहरूको मूल्याङ्कन गरी तिनीहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नेछ। राज्यका ३१वटा विधानसभा निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास समितिहरूमार्फत भूमिस्तरको योजना संस्थागत गर्नेछ। पूर्ण जवाफदेहितासहित दिगो विकास योजनाहरूले हाम्रो प्रगतिको अनुगमन गर्नेछ। यो देशभरका विज्ञहरूसँग क्षमता विकास, नीति संवाद र ज्ञान आदानप्रदानलाई प्रवर्द्धन गर्नेछ। यसले हामीलाई साहसपूर्वक सोच्न, विवेकपूर्वक कार्य गर्न र उत्तरदायी ढङ्गले शासन गर्न सहयोग गर्नेछ। जसले हाम्रो जनशक्ति र संस्थाहरूको क्षमतालाई उजागर गर्ने महत्त्वपूर्ण पहल हुनेछ।

सिक्किमका जनताको वास्तविक आकांक्षालाई सम्बोधन गर्ने आफ्नो दृढ संकल्पमा हाम्रो सरकार सधैँ अडिग रहेको छ। सबैभन्दा ठूलो चिन्ताको विषय हाम्रो राज्यका बाह्र छुटेका समुदायहरूलाई अनुसूचित जनजातिको दर्जा प्रदान गर्ने लामो समयदेखिको माग हो। जसलाई संविधानको अनुसूचित जनजातिको सूचीमा अझै स्थान दिइएको छैन्। पहिलो दिनदेखि, हामी किरात खम्बु राई, देवान, सुनुवार, गुरुङ, खस, नेवार, जोगी, थामी, सन्यासी, मुखिया, भुजेल र माझी समुदायहरूका लागि लामो समयदेखि रोकिएको न्याय सुरक्षित गर्ने प्रयासमा अडिग छौँ। यी समुदायहरू हाम्रो समाजका वर्ग हुन्। जसको सांस्कृतिक सम्पदा र सामाजिक-आर्थिक आवश्यकताहरूले अनुसूचित जनजाति वर्ग अन्तर्गत पूर्ण मान्यताको माग गर्दछन्। व्यापक र तथ्यपरक दस्तावेज सङ्कलन गर्दै हाम्रो सरकारले भारत सरकारको संस्कृति मन्त्रालयको मानवशास्त्रीय सर्वेक्षण निर्देशक प्रोफेसर बी. वी. शर्माको अध्यक्षतामा एक उच्चस्तरीय राज्य समिति गठन गर्यो। यस प्रतिष्ठित निकायले भारतभर र सिक्किम भित्रबाट उच्च सम्मानित र अनुभवी अधिकारीहरूलाई एकसाथ ल्याएर काम गरिरहेको छ। जसले सबै बाह्र समुदायका प्रतिनिधिहरूसँग नजिकको सहकार्यमा काम गर्दैछ। समितिको काम अब अन्तिम चरणमा छ। जसको सावधानीपूर्वक तयार पारिएको प्रतिवेदन चाँडै भारत सरकारलाई बुझाइनेछ। यस प्रक्रियाभरी मुख्यमन्त्री कार्यालय र समाज कल्याण विभागले यस महत्त्वपूर्ण अभ्यासको प्रत्येक पक्षलाई लगनशीलता र इमानदारीका साथ अगाडि बढाइएको सुनिश्चित गर्दै एकदमै नजिकबाट निरीक्षण गरेको छ। राज्यको एक मन्त्रीस्तरीय प्रतिनिधिमण्डलले पनि यो विषयलाई राष्ट्रिय एजेन्डामा उच्च स्थानमा राख्न केन्द्रीय नेतृत्वसँग नियमित रूपमा सम्पर्क गरिरहेको छ। हामी विश्वस्त छौँ कि ठोस र सकारात्मक परिणाम हातमा छ। लिम्बू र तामाङ समुदायका लागि सिक्किम विधानसभामा आरक्षित सिटहरू उपलब्ध गराउने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ। यो प्रतिबद्धता हामीले- २०१९ मा एसकेएम सरकार गठन भएदेखि नै जोडदार रूपमा पालना गर्दै आएका छौँ। यी समुदायहरूलाई वर्ष -२००३ मा आधिकारिक रूपमा अनुसूचित जनजातिको रूपमा अधिसूचित गरिएको भए तापनि राज्य विधानसभामा उनीहरूको प्रतिनिधित्वको लागि संवैधानिक प्रावधान अझै पनि कार्यान्वयन भएको छैन। भारतको संसदले विधानसभा सिट बाँडफाँडमार्फत सिक्किमको जनसंख्याका विभिन्न वर्गहरूको अधिकारको रक्षा गर्न पहिले नै प्रावधान गरिसकेको छ। यस जनादेशलाई पालना गर्दै हाम्रो सरकारले सक्रिय र निरन्तर रूपमा केन्द्र सरकारलाई आवश्यक कारबाही गर्न दबाब दिइरहेको छ। हामीले माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी, माननीय केन्द्रीय गृहमन्त्री श्री अमित शाह र माननीय केन्द्रीय जनजाति मामिला मन्त्रीहरूलाई धेरै ज्ञापनपत्र बुझाएका छौँ। दिल्लीको प्रत्येक आधिकारिक भ्रमणमा मैले व्यक्तिगत रूपमा राष्ट्रिय नेतृत्वसँग यो मुद्दा उठाएको छु। यसको जरुरी र महत्त्वलाई जोड दिँदै लामो समयदेखिको मागको समाधानलाई छिटो गर्न हाम्रो सरकारले भारत सरकारसमक्ष बारम्बार प्रतिनिधित्व गरेको छ। माननीय प्रधानमन्त्रीसँगको मेरो प्रत्यक्ष अन्तरक्रियामा, मैले संवैधानिक निष्पक्षता र सामाजिक न्यायको विषयको रूपमा लिम्बू र तामाङ समुदायका लागि आरक्षित सिटहरू सुरक्षित गर्ने महत्त्वमा जोड दिएको छु।

सांस्कृतिक संरक्षण र समानताको निम्ति हामी संविधानको आठौँ अनुसूचीमा सिक्किमका मान्यता प्राप्त भोटिया, लेप्चा र लिम्बू भाषाहरूलाई पनि समावेश गर्ने प्रयास गरिरहेका छौँ। यो मान्यताले यी भाषाहरूलाई अन्य आधुनिक भारतीय भाषाहरूसँग बराबरीमा ल्याउनेछ। जसले गर्दा उनीहरूले पाउनुपर्ने सम्मान समर्थन र संरक्षण सुनिश्चित हुनेछ। हामी आशावादी छौँ कि यी मामिलाहरू चाँडै नै अनुकूल निष्कर्षमा पुग्नेछन्। जसले सिक्किमका जनताको अधिकार सम्पदा र पहिचानको रक्षामा अर्को कदम चाल्नेछ। हिस होलीनेस १७औँ ग्यलवाङ कर्मापा ऊगेन त्रिन्ले दोर्जीलाई सिक्किम ल्याउने हाम्रो सरकारको इमानदार प्रयास जारी छ। यस सम्बन्धमा मैले माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीसँग बारम्बार पत्राचार गरेको छु। उहाँसमक्ष मौखिक रूपमा पनि धेरैपल्ट यो विषय उठाएको छु। हाम्रो पवित्र राज्य सिक्किमले हिस होलीनेस १७औँ ग्यलवाङ कर्मापा ऊगेन त्रिन्ले दोर्जीको आशीर्वाद अनि दर्शन पाउने कुरामा हामी आशावादी छौँ।

आगामी दिनहरूमा हामी अगाडि बढ्दै जाँदा हाम्रो एकता, समर्पण र दृढताको भावनालाई निरन्तर अघि बढाऔँ। किनकि सिक्किमको प्रगति जनताको सामूहिक जनशक्तिमा निहित छ। कृषक, मजदुर, उद्यमी, शिक्षक, विद्यार्थी, खेलाडी, कलाकार र सार्वजनिक सेवकहरू, जसले संयुक्त रूपमा हाम्रो राज्यको भविष्य निर्माणमा सक्रिय भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

आज हामी हाम्रो उत्कृष्ट पुरस्कार विजेताहरूको उपलब्धीमा गर्वबोध गर्दछौँ। जसको समर्पण, प्रतिभा र कठोर परिश्रमले उनीहरूलाई मात्र नभई सम्पूर्ण सिक्किमलाई गौरवावन्वित तुल्याएको छ। हाम्रो सामूहिक सङ्कल्प तथा जनसमर्थनसहित हामी आत्मविश्वासपूर्ण विकसित भारत र सुनौँलो, समृद्ध र सामर्थ्य सिक्किमको दिशातर्फ अघि बढ्नेछौँ। जहाँ हरेक नागरिकले असीम सपना, भयरहित आकाङ्क्षा र बिना अवरोध उपलब्धी प्राप्त गर्न सक्ने छन्।

म पुनः सिक्किमका सम्पूर्ण जनतालाई हार्दिक शुभकामना व्यक्त गर्दै, तपाईंहरूलाई स्वतन्त्रता दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

**जय हिन्द!**
**जय सिक्किम!**

**राज्यपालको सन्देश.........**

हामीले पशु स्वास्थ्यलाई ध्यानमा राख्दै टीकाकरण अभियानहरूअनि जैव-सुरक्षा उपायहरूलाई सुदृढ गरेका छौं, जसले गर्दा लम्पी छाला रोग अनि अफ्रिकी स्वाइन फीवरजस्ता रोगीहरू अब फैलिइरहेको छैन अनि किसानहरूलाई क्षतिपूर्तिको आवश्यता परेको छैन। यीरोगहरूले पहिला किसानहरूलाई भारी आर्थिक नोक्सान पुऱ्याइरहेको थियो।

केन्द्रका योजनाहरूअन्तर्गत मिनी-हाइडल सिँचाई अनि आधुनिक ग्रीनहाउसहरू शुरुगरिएको छ, जसको परिणामस्वरूप कृषि प्रणाली अब अधिक टिकाऊ बनेको छ अनि वर्षभरि निरन्तर उपज सुनिश्चित हुनसकेको छ। मेरो सरकार यस कुरामा विश्वास गर्छ कि उद्यमिता आर्थिक विविधीकरण अनि रोजगार सृजनको प्रमुख इञ्जन हो। कौशल विकास अनि उद्यमिता मन्त्रालय, वाणिज्य अनि उद्योग मन्त्रालय तथा नीति आयोगको प्रोत्साहन अनि नीतिगत मार्गदर्शनअन्तर्गत, हामीले एउटा समृद्ध उद्यमशीलता पारिस्थितिकी तन्त्रलाई बढ़ावा दिनकालागि धेरै ऐतिहासिक पहलहरू शुरुगरेका छौं।

मेरो सरकारको उद्देश्य यो छ कि हरेक परिवार स्वावलम्बनको दिशामाअघि बढून् अनि हरेक युवाले आफ्नो नवाचारद्वारा समाजलाई दिशा दिनसकून्। यसै सङ्कल्पलाई साकार गर्नका लागि हामीले 'एक परिवार, एक उद्यम' पहलको शुरुआत गरेका छौं,एउटा यस्तो अभियान, जसले परिवारहरूलाई आफ्नो व्यवसाय स्थापित गर्नका निम्ति प्रेरित गर्दछ। यसअन्तर्गत कुशल युवा स्टार्ट-अप योजना लागू गरिएको छ, जसको माध्यमद्वारा ३५% सम्मको सब्सिडीका साथ ऋण प्रदान गरिइन्छ। यस योजनाले राज्यभरिका अनेकौं नवोदित उद्यमीहरूको निम्ति अवसरहरूको द्वार खोलिसकेको छ।

यस पहललाई अझ अघि बढ़ाउँदै, यस वित्तीय वर्षदेखि हामीले एउटा नयाँ योजना मुख्यमन्त्री युवा उद्यमशीलता विकास योजना प्रारम्भ गरिरहेका छौं। यो योजना विशेष रूपले ती बेरोजगार युवाहरूको निम्ति हो, जसलेकुनै पूर्ववर्ती योजनाहरूको लाभ लिएको छैन। यस योजनाअन्तर्गत १ लाखदेखि ५ लाखसम्मको पुँजी प्रदान गरिनेछ, जसबाट उनीहरूले आफ्नो उद्यमको शुरुआत गर्नसक्छन्।

सूक्ष्म, लघु अनि मध्यम उद्यम नीति २०२२ अन्तर्गत यसले व्यापक ढाँचा प्रदान गर्छ, जसमा जागरूकता निर्माण, कौशल प्रशिक्षण, इनक्यूबेशन सेवा, वित्तीय सहायता, सब्सिडी, विपणन सहयोग अनि तकनिकी मार्गदर्शनहरू सामेल छन्।

सिक्किम उद्यमिता अनि आर्थिक विकास (सीड) पहलले सरकार अनि उद्यमीहरूबीच एउटा सेतुको भूमिका निभाउँछ, जसले उनीहरूलाई आवश्यक संसाधन अनि मार्गदर्शनसम्म पहुँच सुनिश्चित गर्छ।

हामीले आफ्ना युवाहरूको निम्ति अन्तरराष्ट्रिय स्तरमा पनि रोजगारका अवसरहरूको विस्तार गरिरहेका छौं। जर्मनीमा नर्सहरूको सफल नियुक्तिपछि, हामीले कोरियाई, जापानी अनि मन्दारिन भाषामा प्रशिक्षण कार्यक्रम शुरुगरेका छौं, ताकि हाम्रा युवाहरू विदेशहरूमा रोजगारको निम्ति उत्कृष्ट रूपमा तयार हुनसकून्।

भारत-जापान तकनिकी इन्टर्न प्रशिक्षण कार्यक्रमअन्तर्गत, राष्ट्रिय कौशल विकास निगमको सहयोगले, हाम्रा युवाहरूलाई वैश्विक स्तरको कौशल शिक्षा प्रदान गरिइँदैछ।

विश्व ब्याङ्क समर्थित सिक्किम इन्स्पायर्स कार्यक्रमले हाम्रो पारम्परिक हस्त शल्पलाई नयाँ ऊर्जा दिएको छ, जसबाट राज्यमा रचनात्मकता अनि आजीविकाका नयाँ मार्गहरू खुलेका छन्। औद्योगिक अनि निवेश नीति २०२३ ले चयनात्मक, सन्तुलित अनि पर्यावरण-अनुकूल विकासलाई बढ़ावा दिन्छ। यसअन्तर्गत प्रत्येक जिल्लामा औद्योगिक परिसरहरूको योजना बनाईदैछ,अनि निवेशकहरूको निम्ति एउटा एकल-खिड़की मञ्च अथवा single window platform को रूपमा सिक्किम औद्योगिक एवं निवेश प्रोत्साहन बोर्डको स्थापना गरिएको छ। राज्य अनि केन्द्र सरकारको संयुक्त प्रयासबाट ४,५०० भन्दा अधिक उद्यमीहरूलाई, विशेष रूपले पर्यटन, खाद्य प्रसंस्करण अनि जैविक कृषि जस्तै एम.एस.एम.ई.क्षेत्रहरूमा सशक्त बनाइएको छ। वान डिस्ट्रिक्ट वान प्रोडक्ट पहलअन्तर्गत सिक्किमले २०२४ मा रजत अनि २०२३ मा काँस्य पदक जितेर राष्ट्रिय स्तरमा आफ्नो बलियो पहिचान बनाएको छ। यो उपलब्धिले राज्यलाई देशका अग्रणी प्रदर्शनकारी राज्यहरूमा सामेल गरेको छ।

**मेरा प्यारा भाइ अनि बहिनीहरू,**

सिक्किममा पर्यटन एउटा महत्वपूर्ण क्षेत्र हो, जसले राज्यको प्राकृतिक सुन्दरता, सांस्कृतिक समृद्धि अनि पारम्परिक अतिथि सत्कारलाई एउटा अनौठो अनुभवको रूपमा प्रस्तुत गर्दछ, जसबाट विश्वभरिका पर्यटकहरू आकर्षित हुन्छन्।

भारत सरकारको सहयोगमा हामीले नयाँ पर्यटन सर्किटहरूको विकास गरेका छौं, प्रमुख स्थलहरूसम्म पहुँचलाई सुगम बनाएका छौं, अनि पर्यटकहरूको निम्ति आवश्यक सुविधाहरूको विस्तार गरेका छौं।

स्वदेश दर्शन अनि प्रसादजस्ता प्रमुख योजनाहरूअन्तर्गत तीर्थ स्थलहरू, इको-टूरिजम क्षेत्रअनि विरासत भएका स्थलहरूमा आधारभूत संरचनाको विकासको निम्ति वित्तीय सहायता प्रदान गरिएको छ।

हाम्रो लक्ष्य यस्तो पर्यटन विकसित गर्नु हो, जसले स्थानीय समुदायहरूलाई आर्थिक लाभ पुऱ्याओस् अनि साथै हाम्रो पारिस्थितिकी तन्त्रको सुरक्षालाई पनि सुनिश्चित गरोस्।

केन्द्रिय योजनाहरूअन्तर्गत चलिरहेको मेगा होमस्टे कार्यक्रमहरूले ग्रामीण परिवारहरूलाई पर्यटन आधारित अर्थव्यवस्थासँग जोड़िने अनि आफ्नो आयलाई बढ़ाउने अवसर दिएको छ।

साहसिक पर्यटन गतिविधिहरू, उच्च ऊँचाईको ट्रेकिङ, पक्षीहरू हेर्ने मार्ग अनि सांस्कृतिक उत्सवहरूले हाम्रो पर्यटन विकल्पलाई विविध अनि आकर्षक बनाएको छ, जसबाट वर्षभरि रोजगार अनि आयका नयाँ अवसरहरू उत्पन्न भइरहेका छन्।

**मेरा प्यारा भाइ अनि बहिनीहरू,**

सिक्किमको सांस्कृतिक विरासत राज्यको पहिचानको मूल हो। संस्कृति मन्त्रालयको सहयोगले गुम्बा-मन्दिरहरूको पुनर्स्थापन, विरासत भवनहरूको संरक्षण अनि पारम्परिक सङ्गीत, नृत्य वा हस्तशिल्पलाई बढ़ावा दिने धेरै पहलहरू शुरु गरिएको छ। विविध सांस्कृतिक पर्व अब अधिक उत्साहका साथ मनाइन्छ, जसले देशी-विदेशी पर्यटकहरूलाई आकर्षित गर्दछ। गान्तोकदेखि शुरुभएको हेरिटेज वक् अब अन्य शहरहरूसम्म फैलिसकेको छ, जसलाई प्रशिक्षित स्थानीय गाइडहरूले बहुभाषीय जानकारी अनि रोचक कथाहरूका साथ सञ्चालित गर्छन्।

युवा मामिला अनि खेल मन्त्रालयको सहयोगमा हाम्रो राज्य सरकार खेल अनि युवा विकासलाई समग्र प्रगतिको एउटा महत्वपूर्ण स्तम्भ मान्छ। हाम्रा युवाहरूमा अद्वितीय प्रतिभालाई हेर्दै हामीले उनीहरूलाई विश्वस्तरीय सुविधाहरू, प्रशिक्षणतथा राष्ट्रिय अनि अन्तरराष्ट्रिय प्रतियोगिताहरूमा भाग लिने अवसर प्रदान गर्नु यो हाम्रो कर्तव्य हो।

राज्यमा उत्कृष्टतालाई बढ़ावा दिने उद्देश्यले विशेष खेल अकादमीहरूको स्थापना गरिइँदैछ। पारम्परिक कौशललाई सशक्त गर्नका लागि तरुणदीप राईधनुर्विद्या अकादमी, प्रतिस्पर्धी मुक्केबाजको प्रशिक्षण हेतु जसलाल प्रधान बक्सिङ अकादमी अनि खेलहरूमा महिलाहरूको सक्रिय भागीदारी सुनिश्चित गर्नका लागि सोरेङमा राज्य खेल अकादमी फर गर्ल्सको स्थापना गरिएको छ। यी संस्थानहरूको विकास राज्यको संसाधन अनि केन्द्र सरकारको वित्तीय सहायताको संयुक्त सहयोगमा भइरहेको छ।

फुटबल, जुन राज्यमा सबैभन्दा लोकप्रिय खेल हो, यसलाई पुनर्जीवित अनि प्रोत्साहित गर्नका लागि सिक्किम प्रीमियर लीगको पुनरारम्भका साथसाथै गवर्नर गोल्ड कप, मुख्यमन्त्री फुटबल टूर्नामेन्ट अनि महिला ओपन फुटबल टूर्नामेन्ट जस्ता प्रमुख आयोजनहरू आयोजित भइरहेका छन्। अखिल भारतीय फुटबल महासंघ अनि युवा मामिला एवं खेल मन्त्रालयको सहयोगमा, राज्यमा फुटबल आधारभूत संरचनालाई पेशेवर स्तरसम्म उन्नत गर्ने प्रयास जारी छ।

एउटा ऐतिहासिक पहलको रूपमा, 'स्वर्ण जयन्ती एकीकृत खेल एवं सांस्कृतिक परिसर' लाई बहुआयामी खेल प्रशिक्षण केन्द्रको रूपमा विकसित गरिइँदैछ। यस केन्द्रमा प्रशिक्षकअनि खेलाड़ीहरूको निम्ति आवासीय सुविधा, एउटा विशेष खेल चिकित्सा केन्द्र, अनि उत्कृष्ट कोचिङको व्यवस्था उपलब्ध हुनेछ। यो सम्पूर्ण सुविधा केन्द्र सरकारको योजना अनि तकनिकी मार्गदर्शनबाट सशक्त हुनेछ, जसबाट हाम्रा खेलाड़ीहरू राष्ट्रिय स्तरमा श्रेष्ठतम खेलाड़ीहरूसित प्रतिस्पर्धा गर्नमा सक्षम बन्नेछन्।

**मेरा प्रिय नागरिकहरू,**

कुनैपनि समाजको प्रगतिको आधार त्यसका नागरिकहरूको स्वास्थ्य हुन्छ। भारत सरकारको स्वास्थ्य अनि परिवार कल्याण मन्त्रालय तथा आयुष्मान भारत-प्रधानमन्त्री जन आरोग्य योजना जस्ता अग्रणी पहलहरूको प्रभावी सहयोगमा, सिक्किमले स्वास्थ्य सेवाहरूको उपलब्धता अनि गुणस्तरमा उल्लेखनीय सुधार गरेको छ। आज हाम्रो राज्यका हजारौं परिवारले देशभरिका सूचीबद्ध अस्पतालहरूमा क्याशलेस उपचारको लाभ उठाइरहेका छन्,जसबाट उनीहरूलाई उपचारको खर्चको कारण कुनै पनि प्रकारको कठिनाई वा गरिबीको सामना गर्न परोस् भन्ने सुनिश्चित गर्छ।

राष्ट्रिय स्वास्थ्य मिशनअन्तर्गत हाम्रो प्राथमिक स्वास्थ्य केन्द्रहरू, जिल्ला अस्पतालहरू अनि तृतीयक हेरचाह सुविधाहरूलाई दहिलो बनाइएको छ। यसमा ढाँचाको सुधार, आधुनिक उपकरणहरूको स्थापना अनि अतिरिक्त चिकित्सा कर्मीहरूको नियुक्ति सामेल छन्। केन्द्रिय सहायतादेखि शुरुगरिएको टेलीमेडिसिन सेवाहरूले अब दुर्गमक्षेत्रहरूलाई विशेषज्ञ चिकित्सा सेवाहरूसँग जोड़िरहेको छ।

राज्यमा रोकथाममाथि आधारित स्वास्थ्य सेवाहरूलाई विशेष महत्व दिइएको छ। टीकाकरणको निम्ति मिशन इन्द्रधनुष, क्षय रोगको विरुद्धमा राष्ट्रिय अभियान, अनि आयुष्मान भारतअन्तर्गत स्वास्थ्य अनि कल्याण केन्द्रहरूको माध्यमबाट मानिसहरूले उत्कृष्ट प्राथमिक हेरचाह पाइरहेका छन्। मातृ अनि शिशु स्वास्थ्यको क्षेत्रमापनि राज्यले सराहनीय प्रगति गरेको छ,जसमा पोषण अभियान जस्ता केन्द्र-प्रायोजित योजनाहरूको अहम योगदान रहेको छ।

**मेरा प्रिय नागरिकहरू,**

हाम्रो सरकार सामाजिक कल्याणलाई लिएर पूर्ण रूपमा समर्पित छ। भारत सरकारको सहयोगमा वरिष्ठ नागरिकहरू, दिव्याङ्गजनहरू, महिला अनि बाल-बालिकालाई सशक्त बनाउनका लागि निरन्तर प्रयास भइरहेको छ। वित्तीय सहायता अनि पुनर्वास वञ्चित वर्गहरूको निम्ति कौशल विकास, आर्थिक सहायता अनि पुनर्वास कार्यक्रम लागू गरिएको छ। स्कूल जाने किशोरीहरूलाई नि:शुल्क सेनिटरी न्यापकिन दिने 'बहिनी योजना' लाई राष्ट्रिय स्तरमा एक सकारात्मक अनि प्रगतिशील सामाजिक नीतिको रूपमाप्रशंसा पाएको छ।

सिक्किमको स्वच्छ अनि शान्त पर्यावरण हाम्रो सबैभन्दा अमूल्य धरोहर होअनियसको रक्षा गर्नु हामी सबैको साझा जिम्मेवारी हो। राज्यले जैविक खेतीको क्षेत्रमा एउटा उदाहरण कायम गरेको छ, जहाँ बिना रासायनिक उर्वरकअनि कीटनाशकहरूको खेती गरिन्छ, जसबाट टिकाऊ कृषिको एउटा आदर्श मोडल अघि आएको छ। वनहरूको संरक्षण, वन्यजीवहरूको सुरक्षा अनि पारिस्थितिक रूपले संवेदनशील क्षेत्रहरूको प्रबन्धनलाई केन्द्र सरकारको सहायताले अझ धेरै बलियो बनाइएको छ। हिमाली क्षेत्रको अनौठो ऊँचाई भएको पारिस्थितिकी अनि सङ्कटग्रस्त प्रजातिहरूको रक्षाको निम्ति विशेष प्रयास गरिइँदैछ।

जलवायु परिवर्तनको सामना गर्नका लागिहामी राष्ट्रिय अनि राज्य स्तरका योजनाहरूअन्तर्गत काम गरिरहेका छौं। नवीकरणीय ऊर्जालाई बढ़ावा दिनकालागि साना जलविद्युत प्रोजेक्ट्स, सौर ऊर्जा संयन्त्र अनि ऊर्जा-कुशल सार्वजनिक ढाँचाहरू तयार गरिएका छन्। साथै, कृषि, जल प्रबन्धन अनि आपदाको सामना गर्ने तयारीमा जलवायु अनुकूलन कार्यक्रमहरूको माध्यमद्वारा हाम्रो समुदाय अब बद्लिँदो मौसमको प्रभावहरूसँग उत्कृष्ट तरिकाले सामना गर्नमा सक्षम भइरहेका छन्।

स्वच्छ भारत मिशन - ग्रामीण अनि स्वच्छ सर्वेक्षणअन्तर्गत हाम्रो राज्यकोअपशिष्ट प्रबन्धनका उपलब्धिहरूले राष्ट्रिय मानक स्थापित गरिसकेका छन्। प्लास्टिक फोहोरको निम्ति विशेष प्रबन्धन एकाईहरू, सामुदायिक कम्पोस्टिङ सुविधा अनि ग्रे वाटर प्रबन्धन प्रणालीहरूको स्थापनाबाट यो सुनिश्चित गरिएको छ कि विकासकोमार्ग पर्यावरणलाई नोक्सान नपुऱ्याइकन तय गर्न सकियोस् ।

आधारभूत संरचना कुनै पनि राज्यको आर्थिक विकास अनि सामाजिक समरसताको आधार हुन्छ। भारत सरकारको विशेषगरी सड़क परिवहन अनि राजमार्ग, रेलवे, अनि नागरिक उड्डयन मन्त्रालयहरूको निरन्तर सहयोगमा सिक्किमले राज्यमाअनि देशका अन्य भागहरूमा आफ्नो सम्पर्कलाई बलियो बनाउनमा उल्लेखनीय सफलता प्राप्त गरेको छ।

प्रधानमन्त्री ग्राम सड़क योजनाले ग्रामीण क्षेत्रको पहुँचलाई राम्रो बनाएको छ, जसलेदुर्गम गाउँका बजारहरू, स्वास्थ्य सेवा अनि शिक्षा सुविधाहरूसँग जोड़िएको छ। सीमा सड़क सङ्गठनद्वारा केन्द्रको मद्दतमा बनाइरहेका सड़कहरूले केवल आवत-जावतलाई मात्र सजिलो बनाइरहेको छैन, तर सीमावर्ती क्षेत्रहरूमा रणनीतिक आधारभूत संरचनालाई पनि दहिलो बनाइरहेको छ।

सिभोक-रम्फू रेलवे परियोजना हाम्रो क्षेत्रको एउटा दीर्घकालिक अनि बहुप्रतीक्षित आकांक्षा रहेको छ, जुन अब साकार हुने दिशामा निरन्तर अग्रसर छ। यो परियोजना भारतीय रेलवेद्वारा पूर्ण रूपले वित्तपोषित एवं कार्यान्वित गरिइँदैछ। यो पूरा भएपछि यो रेल सम्पर्कले केवल यात्री आवागमनलाई मात्र सहज अनि सुलभ बनाउने छैन, तर माल परिवहनको क्षमतालाई पनि सुदृढ़ गर्नेछ। साथैयो स्थानीय अनि क्षेत्रीय आर्थिक गतिविधिहरूलाई गति प्रदान गर्दै समग्र विकासको एउटा सशक्त माध्यम सिद्ध हुनेछ।

अटल मिशन फर रीजुवेनेशन एण्ड अर्बन ट्रान्सफर्मेशन (अमरूत) तथा स्मार्ट सिटी मिशनअन्तर्गत गान्तोक अनि अन्य नगरपालिकाहरूमा शहरी आधारभूत संरचनाको क्षेत्रमा व्यापक सुधार सुनिश्चित गरिएको छ। यी योजनाहरूको माध्यमबाट जल आपूर्ति प्रणाली, सीवेज नेटवर्क, सार्वजनिक स्थलहरूको पुनर्विकास अनि पर्यावरण-अनुकूल शहरी परिवहनलाई

*रहल पृष्ठ ८ मा..*

## राज्यपालको सन्देश.........

आधुनिक तकनिक अनि सतत विकासका नीतियहरू अनुरूप उन्नत गरिएको छ।

दीन दयाल उपाध्याय ग्राम ज्योति योजनाअन्तर्गत ग्रामीण विद्युतीकरण अनि भारतनेटको माध्यमबाट इन्टरनेट कनेक्टिविटीमा सुधारले यो सुनिश्चित गर्छ कि हामी सबैभन्दा दूरस्थ समुदाय पनि डिजिटल अर्थव्यवस्थाको अङ्ग बन्न सकौं। केन्द्रिय निवेश अनि राज्य स्तरीय कार्यान्वयनबीच राम्रो तालमेलले विकासलाई नयाँ गति दिएको छ, जसले सिक्किमको भौतिक अनि डिजिटल परिदृश्यलाई पुनः आकार दिइरहेको छ अनि यसलाई अधिक सुलभ अनि बलियो भविष्यको निम्ति तयार गरिरहेछ।

**मेरा प्रिय सिक्किमवासीहरू,**

१९७५ मा भारतीय संघकोभाग बनेदेखि यता सिक्किमले एउटा यस्तो विकास यात्रा तय गरिएको छ, जुन एकता, निरन्तर प्रयास अनि हरेक नागरिकको उज्जवल भविष्यको साझा भावनाबाट प्रेरित रहेको छ। यस यात्राकोअवधिमा, हामीलेआफ्नो सांस्कृतिक जराहरूबाट प्रेरणा लिएका छौं अनि साथै नयाँ विचारहरूलाई अपनाएका छौं। हामीले आफ्नो विरासतलाई सम्हाल्दै आधुनिक विकासको दिशामा कदम बढ़ाएका छौं। यस पूरा यात्रामा भारत सरकारको निरन्तर सहयोग अनि अटूट समर्थन हाम्रो सफलताको आधार रहेको छ। आज सिक्किम एउटा स्वच्छ, हरित, प्रगतिशील अनि समावेशी राज्यको रूपमाअघि बढिरहेको छ, तर हाम्रो यात्रा अझै समाप्त भएको छैन। माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीको विकसित भारत २०४७ संकल्पनाले हामीलाई एउटा यस्तो राष्ट्र अनि राज्यको निर्माणको आह्वान गर्दछ, जुन सशक्त होस्, आत्मनिर्भर होस् अनि सतत विकासको मार्गमा अग्रसर होस्। हाम्रो लक्ष्य–सुनौलो, समृद्ध, अनि समर्थ सिक्किम–केवल एउटा नारा मात्र होइन, तर यसले हाम्रो त्यस गहिरो प्रतिबद्धतालाई दर्शाउँदछ, जो समावेशी विकास, जलवायु अनुकूलता, सांस्कृतिक विरासतको संरक्षण अनि मानव कल्याणको दिशामा निरन्तर प्रयासरत छ।

यस स्वतन्त्रता दिवसमा, हामी नवाचार, पारदर्शिता अनि जवाफदेहीलाई बढ़ावा दिएर शासनलाई सशक्त बनाउने आफ्नो प्रतिबद्धतालाई पुन; दोहोऱ्याउँछौं। हामी युवाहरूमा निवेश गर्नेछौं, महिलाहरूलाई सशक्त बनाउनेछौं, पर्यावरणको रक्षा गर्नेछौँ अनि अधोसंरचनालाई आधुनिक बनाउनेछौं– यस संकल्पका साथ कि कुनै पनि नागरिक विकासको दौड़मा पछि नपरोस्। हामी आफ्ना नीतिहरूलाई विकसित भारत को राष्ट्रिय मिशनअनुरूप आकार दिनेछौं, किनभने हाम्रो विश्वास छ कि सिक्किमको उन्नति भारतको समग्र प्रगतिको अभिन्न अङ्ग हो।

म यस अवसरमा आज सम्मानित हुन गइरहनु भएका मेधावी पुरस्कार विजेताहरूलाई बधाई दिंदछु। तपाईंहरूको उपलब्धि सिक्किम वासीहरूको निम्ति गर्व अनि प्रेरणाको स्रोत हो।

आउनुहोस्, यस स्वतन्त्रता दिवसमा हामी एक समृद्ध, समावेशी अनि न्यायपूर्ण भविष्यको निर्माणको निम्ति आफ्नो प्रतिबद्धतालाई फेरि सशक्त बनाऔं। आफ्नो अटूट सङ्कल्प अनि साझा उद्देश्यका साथ, हामी स्वतन्त्रता, समानता अनि न्यायका मूल्यहरूलाई केवल बनाई मात्र नराखेर, यसलाई आउने पीढ़ीहरूको निम्ति अझ दह्रिलो बनाऔं।

यस अवसरले हामीलाई एकजुट हुने, विविधतालाई अँगालो हाल्ने अनि राज्य तथा राष्ट्रको प्रगतिमा सक्रिय भागीदारी निभाउने प्रेरणा दिन्छ। हामी सङ्कल्प लिन्छौं कि सुनौलो, समृद्ध, अनि समर्थ सिक्किम को नाराका साथ विकसित भारत २०४७ को लक्ष्यलाई प्राप्त गर्नका निम्ति हामी हरेक कदममा सहयोग, समर्पण अनि नवाचारका साथ मिलेर कार्य गर्नेछौं – हाम्रो उद्देश्य केवल विकास होइन, तर यस्तो भारतको निर्माण गर्नु हो जो हरेक नागरिकको सपनाको प्रकाशस्तम्भ बनोस् – जहाँ अवसर सबैको निम्ति होस्, अनि सम्मान हरेक जीवनको आधार होस्।

म एकपल्ट फेरि तपाईंहरू सबैलाई ७९औं स्वतन्त्रता दिवसको हार्दिक शुभकामना दिंदछु !

**जय हिन्द!**

**जय सिक्किम!**




सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 271/ Nepali Herald/ 300 Cps./ 14. 08. 2025